प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५ ९४६६**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५५
नेपाल सम्वत् ११३१
इस्वी सम्वत् २०११
बिक्रम सम्वत् २०६८


| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**

**15th JULY 2011**

| वर्ष- २९ | अङ्क- ३ | गुरु पुन्हि | असार २०६८ |
|---|---|---|---|


**विद्याहीन मूर्ख, मौन व्रत धारण गर्दैमा ऋषि बन्दैन । जसले तराजु लिएर दुबै लोकलाई तौलेर उत्तम विचार तत्त्वलाई ग्रहण गरी पाप गर्दैन, त्यस्ता पुरुष, मुनि कहलाइन्छ ।**

**प्राणी हिंसा गर्नेलाई आर्य भनिन्दैन । सबै प्राणीको हिंसा नगर्नेलाई मात्र आर्य भनिन्छ ।**

**जून व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमनादि गुण छ, त्यस्तो व्यक्तिलाई निर्मल भइसकेको धीर पुरूष तथा स्थविर भनिन्छ ।**

**धेरै बोल्ने गर्दैमा पण्डित बनिन्न, जो क्षमाशील, अवैरी तथा भय रहित छ, त्यसलाई पण्डित भनिन्छ ।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# धर्म प्रचार र हृदय परिवर्तन

बोधिज्ञान प्राप्त गरी बुद्ध हुनुभएपछि भगवान बुद्धले बनारस नजिक सारनाथमा प्रथम पटक धर्म चक्र प्रवर्तन गर्नु भएको थियो । धर्मचक्रको अर्थ धर्म आचरणमा निरन्तरता दिनु र मध्यम मार्गको अनुशरण गर्नु हो । मध्यम मार्ग भनेको समाजमा व्याप्त भइरहेको अति विलासीमय जीवन र अति कष्टपूर्ण जीवनबाट टाढा रही मध्यम जीवन अर्थात् सरल र साधारण जीवनयापन गर्नु हो ।

भगवान् बुद्ध आफू स्वयंले यस मध्यम जीवन अनुभव गर्नुभई यस प्रकारको जीवन अति उपयोगी महशुस गर्नुभई यसलाई जनमानसमा प्रचार गर्नु भएको थियो । त्यसपछि उहाँले तत्कालिन भिक्षुसंघलाई तीन महिनासम्म मध्यम मार्ग विषयमा तालिम दिनुभई तालिम प्राप्त भिक्षुसंघलाई यसरी निर्देशन दिनुभयो– "भिक्षुहरू हो ! अब हामी सबै प्रकारका वन्धनहरूबाट मुक्त भयौं । त्यसैले हामी एउटै ठाउँमा मात्र नबसी हरेक गाउँ र नगरहरूमा एक एकजना खटेर गई बहुजन हिताय र बहुजन सुखायको लागि विचरण गरौं । जनताहरू धेरै अज्ञानी छन् । तिनीहरूको हृदय संकीर्ण र संकुचित छन्, फराकिलो छैन । उनीहरूमा जीवनलाई कसरी सुखमय पार्ने भन्ने सुखपूर्वक जिउने ज्ञान छैन । आआफ्नो आचरण शुद्ध बनाउनु पर्ने विषयमा पनि ज्ञान छैन । लोभ लालच र ईर्ष्यालु स्वभावले ग्रष्ट छन् ।"

माथि उल्लेखित बुद्धको निर्देशनमा बहुजन हिताय र वहुजन सुखायको लागि विचरण गरौं भन्नुको तात्पर्य के होला ? यसबारे एकपटक विचार गरौं । यहाँ बहुजन शब्दको मात्र प्रयोग गरिएको छ । सर्बजन भनिएको छैन । बहुजन हिताय भनेको मानिसहरूको घर घरमा गई उनीहरुको घरायसी काममा सघाइदिनु, धान रोपिदिनु र भारी बोकीदिनु भन्नु भएको त अवश्यपनि होइन होला । यहाँ बुझ्नुपर्ने कुरो धेरैजसो मानिसहरूको चरित्र शुद्ध छैन । अलिकति पनि सहनशील पूर्वक र सन्तोषपूर्वक बस्ने बानी छैन उनीहरूमा । त्यस्ता अज्ञानी व्यक्तिहरूलाई शान्तपूर्वक जीवन यापन गर्न सकिने नैतिक शिक्षा अर्थात् सदाचार आचरणको उपदेश दिने कार्यलाई नै वहुजन हित र सुखको लागि विचरण गरौं भन्नुभएको हो । भिक्षुहरूको शान्तपूर्ण जीवन देखेर उहाँहरूको तर्फबाट राम्रो व्यवहार र आचरण शुद्धिको कुरा सुनेर कतिपय मानिसहरू प्रभावित भई उनीहरूको हृदय परिवर्तन हुन सक्छ । यसरी आचरण शुद्ध भई हृदय परिवर्तन हुन सकेमा समाजमा शान्तपूर्ण वातावरण स्थापित हुन टेवा पुग्न सक्छ । तब मात्र शान्ति मिल्नेछ । यहाँ बहुजन हिताय् बहुजन सुखायको अर्थ यही नै हो । यस्तो कार्यलाई नै धर्मप्रचार कार्य भनिएको हो । विहार (मन्दिर) बनाएर बुद्ध मूर्ति स्थापना गर्ने, महापरित्राण पाठ गराउने, बुद्ध, पूजा र धर्मदेशना गराउने, पत्र पत्रिका र पुस्तकहरू छापेर वितरण गर्ने कार्यलाई पनि धर्मप्रचार भनिए पनि यी सबै धर्म प्रचारका साधनहरू मात्र हुन । बुद्ध शिक्षा र धर्म चीरस्थायी गराउने तरीकाहरू त यसरी छन्–

धर्मप्रचारकहरूको आचरणर र चरित्र असल हुनु, सहनशील हुनु, त्यागी स्वभाव हुनु, निस्वार्थ रूपमा सेवाभाव हुनु । धर्म-प्रचारकहरूमा आक्रोश र आक्रमक स्वभाव नहुनु अति महत्त्वपूर्ण कुरो हो ।

बुद्ध अनुयायीहरूमा बुद्ध पूजा गरी भक्ति मार्गमा लाग्नुका साथै आचरण शुद्ध गर्ने ज्ञानमार्गमा लाग्ने अभ्यास गर्नु पनि अत्यावश्यक छ । देखावटी आडम्बरी धर्म कार्यबाट अलग्ग रहनु राम्रो हुनेछ । एकपटक एकजना ब्राह्मणले भगवान् बुद्धसंग यसरी प्रश्न गरेको रहेछ–

"तपाइँको जात के हो ?"

यो प्रश्न सुनी भगवान बुद्धले भन्नु भयो– "तपाईलाई जात किन चाहियो ? आचरण सोध्नु राम्रो हुनेछ ।"

भगवान् बुद्धले दिनुभएको जवाफले पनि प्रष्ट पारेको छ । आचरण प्रमुख कुरो हो । आचरण राम्रो हुनु नै धर्म प्रचारको लागि महत्त्वपूर्ण कुरो हो । बुद्ध शासन चीरस्थायी गर्नको लागि यही कुरो आवश्यक छ ।

भिक्षु र श्रमणहरूको महत्त्व विषयमा पनि एकपटक विचार गरौं । राजा अशोकको निग्रोध नाम गरेको श्रामणेर (नवक भिक्षु) संग भेट भयो । श्रामणेर निग्रोधको शान्तपूर्ण रूप देखेर प्रभावित भएका राजा अशोकले उनीसंग यसरी प्रश्न राखे– "तिमी को हौ ।"

श्रामणेरको उत्तर यसरी आएको थियो–

"म भगवान बुद्धको अनुयायी धर्मप्रचारक श्रमण हुँ " ।

राजा अशोकले श्रामणेर संग फेरि प्रश्न गऱ्यो–

"बुद्धको शिक्षा बताउन सक्छौ ?" श्रामणेरले उत्तर दियो–

"धेरै मानिसहरूलाई मारेर जित्नु भन्दा आफ्नो मनलाई जित्न सक्नु नै ठूलो विजय हो । अप्रमादी जीवन अर्थात् होशीयारीपूर्वक जीवनयापन गर्नु अमृत पथमा पुगे सरह हुनेछ । तर प्रमादी (वेहोशी बनी लापरवाही जीवन यापन गर्नु) नै मरेतुल्य हुनेछ ।"

श्रमणको यस्तो सद्उपदेश सुनी, श्रमणको शान्त स्वभावले अत्यन्त प्रभावित भएका राजा अशोकको हृदय परिवर्तन भयो । उसले आफ्नो महत्त्वाकांक्षी स्वभाव त्यागी आफ्नो गल्ती महशूस गर्दै श्रमण निग्रोधको तर्फवाट बुद्ध शिक्षा अनुशरण गर्ने मौका प्राप्त गऱ्यो । फलस्वरुप उसले हिंसा कार्य त्यागेर अहिंसा पथमा लाग्न शुरू गरे । यही कार्य विश्वको लागि वहुजन हिताय बहुजन सुखायको मार्ग हुन पुग्यो ।



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

✍ सत्यनारायण गोयन्का
अनुवादक- विश्व शाक्य

**छैठौं दिन**

साधनाको छ दिन पूराभयो । हाम्रो सफलता यसैमा निर्भर रहने हुन्छ कि साधनाविधिलाई ठीक-ठीक तरिकाले सम्झँदै अगाडि बढौं । आउनुहोस् आज फेरि सम्झौं कि यो विधि कस्तो छ । यसको अनौठो पन के छ ?

यस विधिका दुई पक्ष र दुई पहलू छन् । दुबै अत्यन्त आवश्यक छन् । अत्यन्त महत्त्वपूर्ण छन् । यो पक्ष हो समथ तथा विपश्यना । पहिलोको अर्थ हो– चित्तको यस्तो एकाग्रता, सूक्ष्मता, तीक्ष्णता कि गहिराइसम्म सत्यतालाई चिन्न सकियोस् । दोस्रोको अर्थ हो– तटस्थता अर्थात् यसलाई जानेर अलिकति पनि विचलित नहुनु । न खुशियालीमा नाच्न थालियोस् न दुःखमा रून नै थालियोस् । सन्तुलनमा रहियोस् जान्न पनि र समतामा रहन पनि । जुन अवस्थाबारे जानकारी छैन पहिला त्यस अवस्थाबारे जान्नू, त्यसपछि समतामा स्थापित रहनू ।

अर्थात्, तटस्थ रहेर जान्नुहोस् । तटस्थ कसलाई भनिन्छ ? नदीको किनारामा बसिरहनुभएको छ अनि नदीको प्रवाहलाई हेरिरहनुभएको छ । जुन प्रवाह आफ्नो स्वभावले गतिशील छ त्यसलाई हेरिरहनुभएको छ । ठीक यसै प्रकार शिरदेखि पाउसम्म हाम्रो शरीरमा स्वभावैले जे जसो भैरहेको छ त्यसलाई हेरिरहनु छ । जस्तो नदीको प्रवाहमा कति प्रकारका पदार्थ तथा तरङ्गहरू आइरहन्छन् त्यस्तै हाम्रो शरीरमा पनि सम्वेदनाहरू आइरहन्छन् । जसरी तटस्थ भएर नदीको प्रवाहलाई हेरिरहन्छौं त्यसैगरी साक्षीभावले शरीरलाई पनि हेर्नुछ ।

कुनै महापुरूषले भन्यो भन्दैमा आत्म-दर्शन सम्बन्धी कुनै पनि कुरालाई मान्नुपर्ने आवश्यकता छैन । अनुभूतिमा सत्य साबित भयो भने मात्र मान्ने हो । जान्नुहोस् तब मान्नुहोस् । जानेर मात्र मान्नु स्वयंको सुधार गर्नु हो । थाहा नपाई वा नजानिकन अन्धानुकरण गर्नु आफैलाई धोखा दिनु हो । अनुभूतिहरूद्वारा प्रत्यक्ष साक्षात्कार गर्नुहोस् । परोक्ष ज्ञानले बाँढ्दछ, प्रत्यक्ष ज्ञानले खोल्दैछ । उहाँ महापुरूषलाई जब सम्यक् सम्बोधि प्राप्तभयो त थाहा पाउनुभयो कि संसारमा मानिसहरू अज्ञानताको कारण बुद्धिविलासमा अल्झिरहेका छन्, भड्किरहेका हुन् प्रकृतिको यो साधारणभन्दा साधारण नियमलाई पनि यदि अनुभूतिबाट जान्यो भने बडो कल्याण हुने छ । उलझन के ? प्रत्यक्ष ज्ञान हासिल गरेनौ, प्रत्यक्ष दर्शन पनि गरेनौं तर परोक्ष ज्ञानको बारे यति विघ्न चर्चा गऱ्यौ कि सारा जीवन चर्चामै बितायौं, यही ठूलो उलझन हो ।

कौतूहल मङ्गलको लागि एउटा नशा हुन्छ । कौतूहल पूरा गरौं र त्यसैमा आफ्नो मङ्गल मानौं तर कौतूहल पूरा नै कहाँ हुन्छ ? आज एउटा कौतूहल पूरा हुन नपाउँदै भोलि अर्को कौतूहलले शिर उठाउने हुन्छ । जस्तो तृष्णाको अन्त हुँदैन त्यस्तै कौतूहलको पनि अन्त हुँदैन । कौतूहल पूरा गर्नको लागि औषत बुद्धिविलास गर्ने हुन्छन् । दर्शनको बारेमा कुरामात्र छाँट्छन्, जबकि वास्तवमा दर्शन भनेकै साक्षात्कार गर्नु हो, जुन केवल अनुभूतिबाट मात्र प्राप्त हुन्छ तर दर्शनलाई अनूदित रूपान्तर फिलोसफी बनाएर कोरा ज्ञानको चर्चामा मात्रै अल्झिरहन्छन् र गर्न थाल्छन् वाद-विवाद, बहस अनि झगडा । सारा निकम्मा र नालायक कुराहरू ।

उहाँ महापुरुषले केवल कामको मात्र कुरा गर्नुभयो । अब अन्तर्मूखी भएर उहाँले स्वयंलाई देख्नुभयो र विभाजन गर्दा-गर्दा जब उहाँ स-साना 'कलाप' सम्म पुग्नुभयो त पाउनुभयो कि त्यसमा पनि चार महाभूत-पृथ्वी, वायु, अग्नि, जल र तिनीहरूको आ-आफ्नो गुण, धर्म तथा स्वभाव हुन् । पृथ्वीधातुभन्दा यो ढुङ्गा माटोहरूको थुप्रो हो भनी सम्झनुमा भूल गर्नुहुन्न । जलधातु भनिँदा पानीका थोपाहरू खोज्ने प्रयास गरिनुहुन्न । त्यस्तै प्रकार अग्निधातु भनिँदा आगोको ज्वाला र वायुधातु भनिँदा हावाका झोक्काहरू खोज्ने प्रयास गरिनुहुन्न । हामीले त मात्र हेर्नु छ यी धातुहरूको नैसर्गिक गुण र धर्महरू । पृथ्वीधातुको नैसर्गिक गुण र धर्महरू । पृथ्वीधातुले आकाशलाई घेर्छ । फैलिएर घेर्ने हुन्छ र आकाशको घेराउमा पर्दछ । त्यसलाई कसरी अनुभव गर्न सक्छौ ? भारी छ, गरुङ्गो छ र पनि हल्का छ, हलुङ्गो छ । हलुङ्गोभन्दा हलुङ्गोदेखि लिएर गरूङ्गो भन्दा गरुङ्गो सम्मका वजनहरूका सारा क्षेत्र पृथ्वीधातु अन्तर्गत अनुभव गर्ने क्षेत्र हुन् । अग्निधातुको क्षेत्र हो । शीतलभन्दा शीतलदेखि गर्मीभन्दा गर्मीको अवस्था । अर्थात् तापमानको सम्पूर्ण क्षेत्र अग्निधातुको क्षेत्र हो । यसै प्रकार हलचल कम्पन आदिका सम्पूर्ण क्षेत्र वायुधातुको क्षेत्र हो र तरलता युक्त भएर बाँच्नु, संयोजित हुनु, सांश्लिष्ट हुनु (मिसाउनु) जलधातुको क्षेत्र हो ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास–६

✍ के.श्री धम्मानन्द
अनुवादक– प्रकाश बज्राचार्य

## सन्देश सबैको लागि

मानवताको फूल गौतम बुद्ध आजको संसारमा छैन, तर उहाँको शान्ति सन्देशको सुगन्धित बासना सदाको लागि रहिरहने छ ।

अहिल्यैपनि हाम्रो कानमा बुद्धको नरम र मिठो आवाज गुँजिन्छ । र कहिलेकाहीं हामी सायद लज्जित हुन्छौ किनकि बितेका हजारौं वर्षसम्म पनि हामीले उहाँलाई राम्रो संग चिन्न सकेनौं र प्राय: हामीले सिर्फ उहाँको शिक्षाको प्रशंसा गऱ्यौं र उहाँलाई आदर गऱ्यौं तर उहाँको उपदेशलाई व्यवहारमा लागु गर्ने कोशिश गरेनौं र चाहे धर्ममा विश्वास गर्ने होस् या नहोस् सबैमाथि बुद्धका उपदेश र सन्देशको प्रभाव परेको छ । उहाँको सन्देश सबैको लागि हो ।

हुनत बुद्ध, मानवताको एक पुष्प, आज यस संसारमा छैन, तर उहाँको उपदेशको मिठो सुगन्ध र उत्कृष्ट बासना चारैतिर फैलिएको छ । यसको छरिएको सुगन्धित बासनाले लाखौंलाई शितल र शान्त पारिदिएको छ । यसको दिब्य सुगन्धले यसले प्रवेश गरेको सबै जातिलाई उत्साहित र खुसी पारिदिएको छ । उहाँको शिक्षाले लाखौं हृदयहरूलाई तान्न सकेको कारण यो हो कि यो शिक्षा हतियारको जोर जबर्जस्तीले होइन, मानवताप्रति करूणा र अनुकम्पाद्वारा फैलाइएको थियो । यसको शुद्ध मार्गमा एक थोपा रगतको पनि दाग छैन । बुद्ध धर्म मैत्रीको न्यानो हातबाट विजय प्राप्त गर्छ, न कि डर त्रासको चिसो हातबाट । दैवीय शक्तिको भय र चिरस्थायी नारकिय ज्वालाको सिद्धान्तलाई बुद्धधर्ममा स्थान छैन ।

बुद्धपछिका गत: २५ शताब्दी भित्रमा संसारमा थुप्रै परिवर्तनहरू आइ सके । राज्यहरूको उत्थान र पतन भइ सके; राष्ट्रहरू विकसित भएर ध्वष्ट भइसके । आजको विश्वले यस्ता थुप्रै पुराना सभ्यताहरूलाई बिर्सिसक्यो । तर बुद्धको नाउँ आजपनि लाखौं मान्छेहरूको मनमा स्वच्छ र जीवित रहेको छ । उहाँले बसाउनु भएको न्यायिक सत्यको राज्यलाई अझै पनि दुश्मनहरूले हमला गर्न बाकि नै छ र अझै पनि सबै उन्नतशिल मानिसहरूको मनमा आशन जमाइराखेकै छ । उहाँको शिक्षा यसैले उदय गरिएको हो कि उन्नतशील र सभ्य समाजहरू शान्ति र सौहार्दताको वातावरणमा रहन सकोस् । जीवनमा सबै अतिकठिन समस्यालाई हामी राम्रोसंग बुझ्न सक्नेछौ यदि हामीले उहाँको शिक्षालाई सिकेर व्यवहारमा प्रयोग गर्न कोशिश गऱ्यौं भने । मानव दु:ख र समस्याहरू प्रति बुद्धको विचार धारा सरल र सोझो प्रकृतिको छ ।

बुद्ध विश्वले देखेको सर्वश्रेष्ठ विजेता हुनुहुन्थ्यो । मैत्री र सत्यको अचूक शस्त्रद्धारा उहाँले विश्व विजय गर्नु भयो । अन्धकार, घृणा र दु:खको संसारबाट मानवतालाई उज्यालो मैत्री र सुखको नयाँ संसारमा लग्ने बाटोलाई उहाँको शिक्षाले प्रकाशित पार्छ ।

## बुद्धको सेवा

अज्ञानताको अन्धकारलाई धपाउनु र विश्वलाई दु:खबाट मुक्त हुने मार्ग देखाउन बुद्ध जन्मनु भएको थियो ।

बुद्ध आफूले दिनु भएको सबै उपदेशहरूको शारीरिक रूप हुनु हुन्थ्यो । पैंतालिस बर्षसम्मको उहाँको सफल र विख्यात धर्म प्रचारको अवस्थामा उहाँले आफ्ना सबै कुराहरूलाई काममा पनि लगाएर देखाउनु भयो । कहिल्यै पनि उहाँले कुनैपनि मानवीय दुर्बलता वा लालसा प्रकट गर्नु भएन । बुद्धको नैतिक शिक्षा संसारले जानेको सबभन्दा पूर्ण नैतिक शिक्षा हो ।

२५ शताब्दीभन्दा लामो समयकाल भित्र लाखौं मानिसहरूले उहाँको शिक्षामा प्रेरणा र संतोष पाएका छन् । उहाँको महानता आज पनि सूर्य जस्तै बढ्दै छ जसको अगाडि साना तिना ज्योतिका कीर्तिहरू धमिलिएर जान्छन्। उहाँको शिक्षाले अझै पनि उदास तिर्थयात्रीलाई निर्वाणको शान्ति र सुरक्षातिर बोलाउँछ । दु:खग्रस्त मानव समाजको लागि अरू कसैले पनि यतिको बलिदान गरेको छैन ।

मानव इतिहासमा बुद्ध पहिलो धार्मिक नेता हुनुहुन्छ जसले कुनै पनि प्राणीलाई हानी नगर्ने र ईश्वरलाई पशुबलि नचढाउन मानिसहरूलाई अर्ति दिनु भएको थियो, अपील गर्नु भएको थियो ।

बुद्धको दृष्टीमा धर्म एक नाफाको व्यापार नभै मोक्षको एक मार्ग थियो । उहाँले अन्धविश्वासी अनुयायीहरूलाई चाहनु भएको थिएन । उहाँले विद्वतापूर्वक स्वतन्त्र रूपले सोच्ने अनुयायीहरू चाहनु भएको थियो ।

बुद्धको आगमनले हामी सबै शान्त र आनन्दित भएका छौं । उहाँको उपस्थितिले सारा मानव जातिको कल्याण भएको छ । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# श्रमण नारद–६

✍ श्रीयुत नाथुराम प्रेमी
अनु. प्रकाश वज्राचार्य

कदन्त धेरै रिसाहा रहेछ, त्यसैले ऊ यो उपदेश सुनेर चुप लागिराख्यो । भगवान् बुद्ध सर्वज्ञ हुनुहुन्छ । उहाँले कदन्तको पूर्वकर्म हत्केलामा रहेको अमला झैं प्रष्ट देख्नु भयो । उहाँले यो पनि देख्नु भो कि कदन्तले एकपल्ट अलिकति दयाभाव राखेको थियो । ऊ एकदिन एउटा जङ्गलबाट गइरहेको बेला अगाडि एउटा माकुरो देखेर विचार गरेको थियो कि यो माकुरोलाई कुल्चेर जानु हुँदैन किनकि यो निरपराधिनी निर्दोषी छ । अनि भगवान बुद्धले कदन्तको दशा देखेर माया लागि एउटा माकुरोलाई जालोसँगै नरकमा पठाउनु भयो । माकुरोले कदन्तकहाँ गई भन्यो, "मेरो जालो समात, यहि पक्रेर माथि चढ ।" यति भनेर माकुरो लोप भयो । अनि कदन्तले धेरै प्रयास गरेर त्यही माकुरोको जालो पक्रेर माथि चढ्न शुरू गऱ्यो । शुरूमा त जालो बलियो देखिन्थ्यो, तर पछि कमजोर हुँदै गयो । कारण, नरकमा बस्ने अरू पनि कदन्तको पछि पछि त्यही जालो समात्दै चढ्दै थिए । कदन्त डरायो । उसले सोच्यो कि जालो लम्बिँदै छ । यसले अवश्यै मेरो बोझ सम्हाल्न सक्छ । अहिले सम्म कदन्तले माथि मात्रै हेर्दै थियो । तर उसले तल पनि एकपल्ट यसो हेऱ्यो । जब उसले हूल हूल नरकगामीहरू आफ्नै माकुराको जालोमा समात्दै उक्लिराखेको देख्यो, अनि उसलाई धेरै चिन्ता लाग्यो कि यिनीहरू सबैको बोझ कहाँ सम्हाल्न सक्ला र ? आत्तिएर ऊ तुरून्तै चिच्यायो, "यो धागो मेरो हो, तिमीहरू सबैले यो धागो छाडिदेऊ ।" अनि त यी शब्द भन्नासाथै माकुराको जालो चुँडियो । कदन्त फेरि नरकमै खस्यो ।

"कदन्तको शरीर माया र अहंभाव छुटेको थिएन । उसले आफू एक्लै मात्रै पार हुन खोज्यो, साँच्चैको सत्यमार्गको ज्ञान पाएको थिएन । आध्यात्मिक उन्नतिले नै सिद्धिप्राप्त हुन्छ भन्ने उसले बुझेको थिएन । उसले हेर्दा माकुरोको जालो मसिनो थियो तर यतिको बलियो थियो कि हजारौं मान्छेलाई सम्हाल्न सक्थ्यो । यति मात्रै होइन, त्यसको एक अर्को विशेषता यो थियो कि जति जति त्यसमाथि चढिन्थ्यो त्यति त्यति त्यसको भरोसामा चढ्नेले बढि मेहनत गर्नु पर्दैनन्थ्यो । तर जब मनमा यो भावना आउँदथ्यो कि यो बाटो मेरै मात्र हो- सत्यमार्गमा गएको फल मैले मात्रै पाउनुपर्छ, त्यसमा अरूको भाग हुनुहुन्न, अनि चाहिँ सुखको धागो चुँडिन्थ्यो र त्यो मान्छे तुरून्तै स्वार्थको खाल्डोमा खस्दथ्यो । स्वार्थता नै नरकबास हो, अनि नि:श्वार्थी हुने नै स्वर्गवास हो । हाम्रो मनमा रहेको जुन अभिमान र माया मोह हो, त्यही नरक हो ।"

भिक्षुको कथा सकिनासाथ मर्नलागेको डाँकुले भन्यो, "म पनि माकुरोको जालो समात्छु र भयंकर नरकको खाल्डोबाट फुत्कन सकेसम्म प्रयत्न गर्नेछु ।

x x x

केहिबेर चुप लागेर डाँकुले फेरि भन्यो, "पूज्य भन्ते सुन्नुहोस् मैले तपाईको अगाडि आफ्नो पापको प्रायश्चित गर्न लागेको छु । म पहिले कौशाम्बीको एक प्रसिद्ध हिरामोति व्यापारी पाण्डुकहाँ नोकर थिएँ । मेरो नाम महादत्त हो । एकपल्ट उसले मलाई धेरै अन्याय र अत्याचार गऱ्यो । त्यसैले मैले उसको नोकरी छाडि डाँकुहरूको दलमा गई सरदार बन्न गएँ । केहि दिनपछि मैले आफ्ना जासुसहरुबाट यो सुनें कि पाण्डु व्यापारी थुप्रै हिरामोति लिएर यहि जंगलबाट राजाकहाँ जाँदैछ । सुनिराखेको जस्तै ऊ यहाँ आउनासाथ उसलाई पक्रेर कुटी उसको माल जम्मै लुटेर लिएँ । भन्ते, अब तपाई पाण्डु सेठकहाँ गई उसले गरेको अपराध जम्मै विर्सिदिएँ, वैरभाव जरैदेखि उखेली फालिसकें, फेरि उसको धन लुटेकोमा पनि माफी माग्दैछु भनी मेरो तर्फबाट कृपा गरी भनिदिनोस् । त्यो सेठकहाँ म नोकर छँदाखेरि उसको मन पत्थर झैं कठोर थियो। त्यसैले म पनि उसको पछि लागेर त्यो जस्तै कठोर हृदयको बनें । त्यो साहुको विश्वास थियो कि संसारमा स्वार्थीको मात्रै जय हुन्छ, शुभ हुन्छ । तर मैंले सुनें कि त्यो साहु अब धेरै धर्मात्मा र परोपकारी बनी अरूलाई हित हुने काममा संलग्न भइराखेको छ । त्यसैले मानिसहरूले उसलाई उपकारी र न्यायको अवतार मानि राख्यो । अहिले उसले त्यस्तो धन सञ्चित गर्दैछ जुनकि न चोरले चोर्न सक्छ न नाश नै हुन्छ । म पनि अहिलेसम्म खराब काममा भुलिराखें, तर अबदेखि यस्ता पापकर्म गरेर अन्धकारतिर लाग्ने छैन । मेरो हृदय परिवर्तन भयो । अब मैले खराब इच्छालाई भित्रैदेखि साफ गर्छु । अब मेरो मर्ने बेला आइसक्यो । यसैले मर्नु अघि सुकर्म गर्नुपऱ्यो । पुण्य कमाउनु पऱ्यो । जसले कि मरिसकेपछि म सुगतिमा पर्नेछु । त्यसैले तपाई चाँडै पाण्डु सेठकहाँ गई भन्नोस् कि उसको बहुमूल्य हिरामोति जडेको श्रीपेच र अरू पनि बहुमूल्य वस्तु सबै यहिँको गुफामा गाडिराखेको छ, आएर लग्नुस् । यो कुरो मेरो विश्वासी साथीहरू दुईजनालाई मात्रै थाहा थियो, अहिले उनीहरू दुवै मरिसके ।

"यदि मबाट एउटै मात्र राम्रो र न्यायपूर्ण काम भएमा पनि त्यसबाट मैले गरिराखेको पाप केही मात्रामा भए पनि कम हुनेछ, अनि मेरो मनमा रहेको धुलो (क्लेश) अलिकति भए पनि सफा हुन्छ । यसले गरेर मोक्षमार्गमा जानलाई उपयोगी हुनेछ, त्यसैले जति सक्यो उति चाँडै मर्न अगाडि असल काम गर्नु परेको छ ।"



Downloaded from http://www.dhamma.digital

त्यसपछि महादत्तले पाण्डु सेठको मालसामान लुकाई राखेको गुफाको ठेगाना सबै राम्रोसँग भनेर श्रमणलाई वन्दना गरेर प्राण छाड्यो ।

कौशाम्बी गई श्रमण महात्माले पाण्डु सेठलाई सबै कुरा सुनाइदियो । पाण्डु सेठले तुरून्तै धेरै सिपाहिँहरू साथ लिई गुफामा गई आफ्नो सबै माल हातमा पाऱ्यो । अनि पछि डाकुको सरदार महादत्त र अरू डाकुहरूको मृत्यसंस्कार गरिदियो । त्यतिबेला महादत्तको लास जलाइरहेको ठाउँमा गई महादयावान र गुणवान् भिक्षुले यसरी उपदेश दियो ।

“हामी सबैले जुन आफुले कुकर्म गर्छौं, त्यसको फल आफैले नै भोग्नु पर्दछ । फेरि ती खराब बानीलाई हामी आफैंले हटाउन सक्छौं, स्वयं शुद्ध हुन सक्छौं । अर्थात् शुद्ध हुनु र अशुद्ध हुनु आफ्नै हातमा छ । अरू कसैले हामीलाई पवित्र पार्न सक्दैन, पापबाट मुक्त गर्न सक्दैन । हामी आफैले कोशिश गर्नु पर्दछ । यहि नै भगवान बुद्धको उपदेश हो । “हाम्रो कर्म ब्रह्मा, विष्णु,ईश्वर वा अरू कुनै देवताले बनाएको होइन । ती जम्मै कर्म हामी आफैले गरिराखेको कर्मको फल हो । आमाको गर्भमा जस्तै हामीले आफ्नै गर्भस्थानमा अवतार लिँदैछौं, अनि त्यहि कर्मले हामीलाई चारैतिरबाट बाँधिराखेको छ । हामीले गरिराखेको कर्महरूमा खराब कर्म हाम्रो लागि कलंक नै भयो, अनि असल कर्म आशीर्वाद जस्तै हो । यसरी हामीले गरिराखेको कर्मको बीचमा नै निर्वाण प्राप्त गर्ने साँचो लुकिराखेको छ ।”

पाण्डु सेठले आफ्नो धन सबै कौशाम्बी लग्यो, र विवेकपूर्वक उक्त धनको सदुपयोग गऱ्यो । आफ्नो व्यापारको क्षेत्र पनि बढायो । यसो गरेर बढि लाभ भएको धन जम्मै उदार हृदयले परोपकारको काममा खर्च गऱ्यो ।


एकदिन उ मरणासन्नमा पुग्यो । त्यो बेला उसले आफ्ना छोरा छोरी र नाति पनातिलाई नजिक बोलाई भन्यो, “प्रिय सन्तानहरू, कहिल्यै पनि कुनै काम निराश भएर नछाड । यदि गरेको कुनै काममा सफलता प्राप्त भएन भने अरू कसैलाई दोष नदेऊ । आफ्नो असफलता र दुःखको कारण आफ्नै ढङ्ग र बुद्धि नभएकोले भएको हो भन्ने सम्झी गल्ती हटाउने प्रयत्न गर्नु पर्दछ । यदि तिमीहरूले आफ्नो अभिमान र अहंकारको पर्दा हटाउन सके दुःखको कारण तुरून्तै पत्ता लाग्नेछ, अनि दुःखबाट मुक्त हुने मार्ग पनि देखा पर्नेछ । दुःख हटाउने उपाय पनि आफ्नै हातमा छ । तिमीहरूको आँखा अगाडि अविद्या र मायाको पर्दा नआओस् । यसबारे सधैं होशियार रहनु पर्दछ । अनि जुन मलाई साँच्चै अनुभव भएको सत्य सिद्ध भएको वाक्य छ । त्यो दिनहुँ सम्झिराख्न योग्य छ । ती वाक्य हुन्–

जसले अरूलाई दुःख दिन्छ उसले आफूले आफैलाई दुःख दिएको हुन्छ । अनि जसले अरुको भलो गर्छ आफूलाई पनि भलो गरेको हुन्छ ।

अहंकारको पर्दा हट्नासाथ सजिलैसित सत्यमार्ग प्राप्त हुनेछ । यदि तिमीहरूले मेरो यो वचन सम्झेर व्यवहार मा पनि लागु गर्ने अभ्यास गर्दै लगेमा मर्नलाग्दा पनि तिमीहरू सुगतिको छायाँमा पर्नेछ, अनि यसले गरेर तिमीहरूको जीवन अमर हुनेछ ।” ❖

## जिमि मां नं धाल

✍ **विद्याबहादुर बज्राचार्य**





मां जि छ खः जि पुता
जिगु हि जिगु ला कुचा
दां मखु नां ति पुता
जिगु जीवनया छ खः हिरा
सेवा हे खः परमोधर्म
भिंभिंगु छं या कर्म
जु छ बुद्ध थें अले राम
मेगु म्वाः छुं हे थुलि दय्‌व गाः जितः ।
न्यायया छ जुइमा तःधंम्ह ज्ञाता
सेवाया छ जुइमा तःधंम्ह दाता
माः पिन्त माः खतं ब्यु तेवा
इच्छा यायेमते सय्‌केत मेवा
इच्छा जिगु थुलिहे खः पुता
जन्म छन्त यानागु सार छता ।

## धर्मकीर्ति विहार संरक्षण कोषया सुचं

थ्वहे वइगु वि.सं. २०६८ श्रावण १४ गते धर्मकीर्ति विहार संरक्षण कोषया च्याकोगु वार्षिक साधारण सभा जुइगु निर्णय जूगुलिं सकल सदस्यपिन्त अनिवार्य रूपं पाय्‌छि इलय् बिज्याय्‌त व ज्ञायत् इनाप यानाच्वना ।

*थाय्- **धर्मकीर्ति विहार, धम्महल** / ई- **न्हिन्सिया पाय्‌छि १ ताःइलय्***

**सचिव- मीना तुलाधर**

**धर्मकीर्ति विहार संरक्षण कोष**



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २४१

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
'परियत्ति सद्धम्म कोविद'

**न तं दल्हं बन्धनमाहू धीरा, यदा यसं दारूजं पब्बजञ्च सारत्तरत्ता मणिकुण्डलेसु, पुत्तेसु दारेसु च या अपेखा**

*अर्थ*– फलामको, काठको, डोरीको वन्धलाई धीर जनले साँच्चैको बन्धन मान्दैनन् । तर धन सम्पत्ति, स्त्री, पुत्र, पुत्रीसँग भएको अनुरागलाई नै साँच्चैको बन्धन भनी भन्दछन् ।

**एतं दलहं बन्धनमाहु धीरा, ओहारिनं सिथिलं दुप्पमुञ्चं एतम्पि छेत्वान परिब्बजन्ति, अनपेक्खिनो कामसुखं पहाय**

*अर्थ*– यही बन्धनलाई धीर जनले तलतिर लाने, शिथिल, छोड्नै गाह्रो हुने बन्धन भनी भन्दछन् । त्यस्ता धीर जन यस्तो बन्धनलाई तोडी काम सुख छोडी इच्छा रहित भई प्रव्रजित भएर बस्छन् ।

*घटना*– उपरोक्त गाथा भगवान् बुद्धले जेतवन विहारमा बास गरी रहनु हुँदा बन्धनागार झ्यालखानाको कारणमा बताउनु भएको थियो । एक समय कोशल महाराजाकहाँ थुप्रै चोरहरू कोही घरको पर्खाल फोडी चोर्ने, कोही बटुवालाई लुट्ने, कोही मान्छे मारी लुट्ने खतरनाक अपराधीहरु ल्याइयो । महाराजाले तिनीहरूलाई हठकडी लगाउन दिएर झ्यालखाना पठाई दियो ।

त्यही समय चारैतिरबाट आएका भिक्षुहरू जेतवनमा तथागतको दर्शन गर्न आएका थिए । भोलिपल्ट ती भिक्षुहरू श्रावस्तीमा भिक्षाटन, जाँदा झ्यालखानातिर पनि पुगेछ । झ्यालखानामा ती अपराधीहरूलाई बेस्सरी हठकडीले बाँधेर थुनीराखेको देखेर ती भिक्षुहरूले भगवान् बुद्धलाई दर्शन गर्न जाँदा त्यही कुरा भने– "भो शास्ता आज हामीले भिक्षाटन जाँदा झ्यालखानामा अपराधीहरू हठकडि लगाएर, थुनिएर धेरै दुःख पाईराखेको देखें । तिनीहरूले त्यो बन्धन तोडी भाग्न पनि सक्तैनन् । त्यो भन्दा ठूलो बन्धन अरू कुनै होला के ?"

भगवान् बुद्धले उनीहरूलाई भन्नुभयो– "त्यो बन्धन ठूलो बन्धन होइन । धन सम्पत्ति, पुत्र-पुत्री पत्नी प्रतिको तृष्णा रूपी क्लेश यस्तो बन्धन भन्दा सयौं गुणा हजारौं गुणा बलियो हुन्छ । त्यस्तो ठूलो तोड्न गाह्रो बन्धन तोडी पहिले पहिलेका पण्डितहरू हिमायल प्रदेशमा गई प्रव्रजित हुन गए ।

यस्तो आज्ञा भएर भगवान बुद्धले अतीत समयमा बोधिसत्वले पत्नी, पुत्र-पुत्री-प्रतिको तृष्णा रूपी बन्धनलाई तोडी हिमालय प्रदेशमा गएर प्रव्रजित भई क्लेश बन्धन तोडेको अतीत कथा पनि सुनाउनु भयो ।

अतीत कथा सुनाउँदै पछि भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

❖

## सूचना ! सूचना !! सूचना !!!



पूज्य धम्मवती गुरूमांको ७७ औं जन्मोत्सवको शुभ-उपलक्ष्यमा पूज्य भिक्षु महासंघबाट गत असार २८ गते देखि अभिधर्म-पाठ र धर्मदेशना भइरहेको सहर्ष जानकारी गराउँछौं । यस साप्ताहिक पुण्य कार्य श्रावण १ गते समापन हुँदैछ। इच्छुक श्रद्धालु धर्मप्रेमीहरूलाई कार्यक्रममा भाग लिई पुण्य सञ्चय गर्नु हुन हार्दिक निमन्त्रणा गरिएको छ ।

*समय* : **बिहान ७:०० बजेदेखि ९:०० बजे सम्म ।**

*स्थान* : **धर्मकीर्ति विहार, धम्महल,** श्रीघः, नघः टोल ।



Downloaded from http://www.dhamma.digital

# दानमा भगवान्

✍ नरेन्द्रनाथ भट्टराई

ध्यान र ज्ञानपछि भगवान् बस्ने अर्को ठाउँ हो दान। दानको महिमा नभएको कुनै पनि धर्म छैन। दानको अर्थ हो दिनु। जसले विना उद्देश्य जे, जस्तो जति दान दिन्छ, त्यो भन्दा धेरै गुना बढि स्थान उसले पाउँछ। दिने कुराको संख्या भन्दा पनि भावले ठूलो स्थान लिएको हुन्छ। मिल्न त दान मात्रले पनि पुण्य मिल्दछ तर पापबाट जम्मा गरेको धन र पाप पखाल्नको लागि तथा धर्मात्मा छु भनेर देखाउनको लागि गरिएको दानले झन झन पाप बढाई दिन्छ। संसारका प्राय: सबै मानिस भगवान संग केबल मागिमात्र रहन्छन्। तर भगवान्लाई केही दिने चाहिं कुरै गर्दैनन्।

एकपटक एउटा माग्ने सँधै झैं बिहान झोला र भिक्षा पात्र, लिएर झोपडीबाट माग्न भनेर निस्कियो। सबै माग्नेहरूको प्रचलन अनुसार झोलामा एक मुठी जति अन्न, भिक्षापात्रमा केही पैसा र चामलका केही गेडा हालेर माग्न निक्लनुपर्ने हुँदा उसले पनि त्यसै गरी निकिल्यो। सुर्योदयको पहिलो किरणमा उसले परबाट राजाको रथ आफूतिर आउन लागेको देखेर खुसी हुँदै भाग्यलाई तारीफ गर्न लाग्यो। राजाको रथ नजिकै आयो। रथ उसको अगाडि रोकियो। राजालाई यसरी उसले देख्न पाएको पनि कहिल्यै थिएन। उ त एकदम अलमल्लमा पर्‍यो। हात जोर्न पनि विर्सियो। माग्न पनि बिर्सियो। राजा रथबाट ओर्लेर त्यो माग्नेको सामु एउटा झोली फैलाएर भन्न लागे "हे भिकारी ! तिमी यसोउसो केही नभन, ज्योतिषीले भनेका छन्, यो देशमा ठूलो दुर्भिक्ष आउँदैछ रे। त्यसको निवारणको लागि आज बिहानको पहिलो सूर्यकिरणमा मैले जसलाई भेट्छु त्यससँग जे-जति भए पनि मागेर त्यो अन्न ल्याएर राजाको ढुकुटीमा राखें भने त्यो दुर्भिक्ष हट्छ। तसर्थ कुनै आनाकानी नगरीकन यो झोलामा के छ देऊ नत्र सारा देशवासी दुर्भिक्षको यातनामा पर्नुपर्नेछ।" बडो गाहारो मानी-मानी कन झोलामा हात हालेर बल्ल–बल्ल एउटा चामलको गेडा झिकेर राजाको झोलामा राखिदियो। राजा रथ चढेर गैहाले। बाटोभरी त्यो माग्नेले आफूले आफैलाई धिक्कार्न लाग्यो। "यत्रो राजासँग केही मागिन केही पाइनँ; उल्टो आफ्नै एक गेडा अन्न गुम्यो।" त्यसदिन त्यो माग्नेले प्रशस्त अन्न र पैसा पायो। यति धेरै भिक्षा उसले कहिल्यै पाएको थिएन। घरमा आयो स्वास्नी झोलाभरी अन्न ल्याएको देखेर बहुत खुसी भई। तर लोग्नेलाई चिन्तित देखेर कारण सोधी। एक गेडा आफ्नो चामल दिनु परेको र राजाबाट केही नपाएको गुनासो गर्दै नाङलोमा खन्यायो। नाङ्लोमा उसले एकगेडा सुनको चामल देख्यो र आश्चर्य हुँदै विचार गर्दै थियो। त्यसैबखत एकजना सन्त त्यहाँ आइपुगे र त्यो माग्नेलाई भने "हेर बाबु ! आश्चर्य नमान। तिमीले देशको संकट हटाउन दान दिएको एक गेडा चामलको बदलामा त्यति नै। त्यसको हजार गुना बढी पायौं सन्तको कुरा सुन्दा त्यो माग्ने पछुताउँदै भन्न थाल्यो "मैले किन आफूसंग भएका सबै चामल दिइन होला ?"

यही अवस्था आज हर मानिसको छ। स्वयं भगवान् आएर हामीसँग देऊ भनेर माग्नु भयो भने हामी के दिन तयार हुन्छौं त ? हामीले आजीवन सँगालेर राखेका गौरव मान, अहँकार, लोभ, राग मध्य एक कुरामात्र भए पनि भगवान्ले हामीसँग दान माग्नु भएको छ। कोही यी दान दिन तयार छ ? ❖

## गथेधाय् बौद्ध धका:?

✍ अमृतमान शाक्य भिक्षु, इतुंबाहाल

लय् छक: सन्हु, पुन्हि अष्टमि वई
विहार पतिकं वने जि
भजन न्यने बाखँ न्यने
विचे स: थ्वई स:ले स:थ्वई
ध्यान भंग जुई अनसं।
अभ्यास गुरूमांया स:लं
न न्यागु लकस न्यनि
शान्त शान्त शान्त अझ नं
खास खुसु सलं: राग पिज्वल अनसं
ताले मला:पिं उपासक उपासिका गथे मधाय् जिनं
लांलां जक मखु दँ दँ विते जुल
धर्मया वाखँ कना जुगू गुरूमानं
गोले उपासकं थुइका च्वंगु धर्मया ज्ञान ?
कन न्यन फुत अन
मेला हनेत वया च्वंपिं गथे मधाय् ?
जलपान न्हयाइ मन चन्चल जुई
नयला थयला भलभल याई
चकंगु नुगलं दानया:वनी
हाकुगु नुगलं फस्वयावनी
गथे धाय बौद्ध धका: ?



Downloaded from http://www.dhamma.digital

# बुद्ध नापलाइगु कुतलय्

✍ बुद्ध शाक्य

थ्व नुगः यात,
विरक्तता ज्वने पौ (Warrent)
बीत वल ।
जिं व ज्वने पौ (Warrent) काय्
म्वाय्केत,
वं जि खनेमदय्क,
जि वयागु विवशतां च्यू वय् न्ह्यो,
बुद्ध लुमंकाः तापाक वना ।

गाँ गाँ पुलाः ।
बस्ति बस्ति पुलाः ।
अचिरवति व उरूबेला खुशी छिनाः ।
गन जितः विरक्तताया ज्वने पौ
(Warrent) थ्यनि मखु ।

त्याग !
धाथें त्यागं जित विरक्तताया पौ
(Warrent) नं !
न्ह्याय् मदय्क थ्यंका बिल ।
जिगु बिश्वास, जिगु आश !
जितः बुद्ध मलूनि ।

पटाचारा यात,
बुद्धं थःगु ऋद्धि बलं !
थःगु हे विहारय् साला काःथें !

अंगुलिमाल यात ?
सकल सिनं नं गंक गंकनं !
जंगलय् दुने थ्यंक वना?
दुःखं मुक्तिया लँ ब्यूथें !
जितः नं अथे दैगु आशा कुति नुगः !

तर,
अथे बुद्धया लुमनेत !

न जि पटाचारा खः !
न जि अंगुलिमाल हे !
अथे जुया हे ज्वी !
बुद्ध जित न्ह्योने लाय्मफू ॥
बुद्धं शरणं गच्छामि !
धम्मं शरणं गच्छामि !!
संघं शरणं गच्छामि !!!

थ्व सः नं लँय् वं वं !
यक्को हे न्यना ।
ताया ।
व थासय् धाःसा जि थ्यंके मफु ।
व थाय्ः यात जिं खंके मफु ।
लँ या धुफ्वः व कोलाहलं,
त्याजीके मबिया खःला ?
व त्याछिना काय्गु, ज्ञान जिके
मदया !

तर नं जि मदिना ।
जिगु लँय् जि न्ह्यज्याना च्वना ।
जिगु कुतलय् जि दुनाः च्वना ।

गनं गनं जितः, बुद्धं लुमंकु थें !
जिं बुद्ध यात खं थें !
सन्तोषया छुँ छुँ आभास जुल ।

लकसं जितः न्वाना ब्यूथें जुल ।

बुद्ध हे नापलासां !
बुद्ध छन्त अवश्य दई ॥

अथेजुया ! अथेजुया हे !!
ज्वनागु लँपु मत्वः तूसे,
जि न्ह्यज्याना च्वना ।

बुद्ध खुदँ तक दुष्कर चर्याय् च्वं थें !
जिं नं सम्यक मार्गया दुष्कर लँ,
निश्चय्या दु नुगलं छ्वासुके
मबिया ॥





# अनित्य लुमंकाः

✍ डा. गणेश माली

( १ )

अनन्त विश्वे छथाय् कुँचाय्
छफुति हे मग्यंगु सूर्य छम्ह,
वयात छचाखेरं चाः हिला च्वनीम्ह,
नगण्य पृथ्वी या द्यने,
वाला वाला सना ज्वीपिं कीचा थें
थौं दुसा कन्हे मदया वनीपिं,
हाःनाः मदुपिं प्राणीपिं ।

( २ )

दु धकाः ला धाय्गु जक,
आः दुपिं अले मदया वनी,
मदुपिं दयावै हानं मदै,
थथेहे जुया खुसि थें न्हयाः गु
थाः गाः मदुगु थन जीवन ।
मचा ज्वी युवा ज्वी ज्याथः ज्वी,
छन्हु मफयाः मदया वनी,
आश निराशया जाले क्यनाः
फुना वनी मयः सां छन्हु जीवन ।

( ३ )

मदुगु दयावै,दुगु मदया वनी,
शुन्य समानं महा अनित्यगु,
थाःगाः मदुगु थन जीवन ।
अनित्य जीवन ल्यू ल्यू किपालु थें
वया च्वनी सुख दुख हे प्राणी !
सुख सां न्हिले मते दुख सां ख्वय् मते
नितां अनित्य धकाः खंकि ।



Downloaded from http://www.dhamma.digital



# साहसकी प्रतिमूर्ति

✍ कोण्डन्य

बुद्धजन्मभूमि नेपालको इतिहासमा थेरवाद बुद्धशासनको पुनर्जागरित इतिहास वि. सं. १९८५ मा प्रेमबहादुर (नानीकाजी) श्रेष्ठले कुशीनगरमा बर्मेली भिक्षु उ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा प्रव्रज्यादीक्षा ग्रहण गर्नुभएपछि शुभारम्भ भएको इतिहास हामी सबैलाई थाहा भएकै विषय हो । यही नै आधुनिक नेपालको इतिहासमा थेरवाद बुद्धधर्मको बिऊ रोप्ने तथा जग-स्थापनाको ऐतिहासिक घटना हो । पुनर्जागरणकालको गोधुलीको इतिहासलाई फर्किहेर्दा भारतमा बुद्धधर्मका पुनरूद्धारक अनगारिक धर्मपालद्वारा प्रभावित धर्मादित्य धर्माचार्य, तिब्बतको खामबाट धर्मप्रचारार्थ आउनुभएका क्यान्छा लामा (कुनसाङ्ग लोसेल्), पं. निष्ठानन्द, महाप्रज्ञा, भिक्षु कर्मशील-प्रज्ञानन्द, भिक्षु अमृतानन्द, भिक्षु धर्मालोक, स्वयम्भू ज्ञानमाला भजन खलः आदिको योगदान अविस्मरणीय छ । राणा शासक श्री ३ चन्द्र शमशेरले वि. सं १९८२ मा महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्तिलाई धर्मप्रचारकै निहुँमा स्वदेशबाट निष्काशन गरेको इतिहासपछि थेरवाद बुद्धशासनमा भिक्षु महाप्रज्ञाको प्रादुर्भाव भएको देखिन्छ । महाप्रज्ञा, कर्मशील, अमृतानन्दजस्ता कर्मठ थेरवादी दीक्षितहरूको आगमनपछि नेपाली नारीहरूलाई अनगारिका-दीक्षा दिलाई बुद्धधर्ममा नारीहरूलाई समेत प्रव्रजित जीवन गुजारा गर्न बि. सं. १९८८ मा पुण्यतारा, चँछिमि र संघतारा उपासिकाहरू क्रमशः अनगारिका रत्नपाली, धर्मपाली र संघपाली नेपालकै इतिहासमा प्रथम अनगारिका प्रव्रजित-दीक्षा प्राप्त गर्न सफल भए । धर्मप्रचारकै दौरानमा वि.सं. २००१ श्रावण १५ का दिन श्री ३ जुद्ध शमशेरले भिक्षुहरू प्रज्ञानन्द, धर्मालोक, सुबोधानन्द र प्रज्ञारीम, चारजना श्रामणेरहरू अग्गधम्म, रत्नज्योति, कुमार र प्रज्ञारसलाई देश निकाला गरियो (निष्काशितमध्ये आचार्य भिक्षु कुमार काश्यप महास्थविर जीवित इतिहास हुनुहुन्छ) भने त्यसैको आन्दोलनस्वरूप वि. सं. २००१ मंसिर १५ गते धर्मोदय सभाको गठन भएको हो । यसबीच वि. सं. २००३ बैशाख ५ गते श्रीलंकाली भिक्षु नारद महास्थविरको नेतृत्वमा आएको बौद्ध शिष्ट मण्डलको आगमनपछि श्री ३ पद्म शमशेरद्वारा निष्काशित भिक्षुहरू पुनः स्वदेश भित्रिन प्रवेशाज्ञा प्राप्तिपछि थेरवाद बुद्धशासनको उदय-उन्नतिको गतिशील इतिहास शुभारम्भ भएको देखिन्छ ।

थेरवाद इतिहासलाई निरन्तरता दिने क्रममा अनगारिका धर्मचारी (लक्ष्मीनानी उपासिका), अनगारिका धर्मशीलाको साहसिक यात्राले नेपाली बौद्ध नारीजगतमा नयाँ आयामिकता थपिएको इतिहासमा अनगारिका धम्मवतीको उदयपछि अझ बहुआयामिक सशक्तता थप्ने कार्य भएको जीवन्त इतिहास आज समग्र बुद्धशासनिक क्षेत्रमा उल्लेखनीय पाटो भएको छ । नेपालको वर्तमान अवस्थामा प्रव्रजित नारीमध्ये गुरुमां धम्मवती नै सबैभन्दा सशक्त एवं प्रभावशाली अनगारिका हुन् भने उहाँकै नेतृत्वमा नेपाली अनगारिकाहरू प्रवाहित छन्, उहाँ ७७ वर्ष ७ महिना ७ दिन ७ घडी ७ पलाको सांस्कृतिक अनुष्ठानको विकल्पमा धर्मकीर्ति विहार परिवार तथा अन्तर्राष्ट्रिय गौतमी विहार, लुम्बिनीको आयोजनामा विशेष धार्मिक शुभकार्य हुनु सम्बद्ध सबैका लागि सुखकर-शान्तिकर विषय भएको छ । उहाँको जीवनीपक्षका बहुआयामिकताका विषयमा यस सानो लेखविशेषमा बेलिविस्तार गर्नु सम्भव नभए पनि संक्षिप्तमा प्रस्तुत गर्नु प्रासाङ्गिक हुनेछ ।

पाटनस्थित वकुबहालका पिता हर्षमान शाक्य तथा माता हेराथकुं शाक्यको कोखबाट वि. सं. १९९१ (सन् १९३४) मा जन्मिएका गणेश कुमारी एकलौटी सुपुत्री हुन् । सुमङ्गल विहारमा भिक्षु प्रज्ञानन्दको आगमनपश्चात् उहाँबाट धर्मदेशना सुन्नेहरू मध्येमा प्रभावित उपासिका हेराथकुंले सानी छोरीलाई विहारमा सँगै लिएर कुशल संस्कारमा संस्कारित गरिएअनुरूप गणेशकुमारीमा धर्मसम्बन्धी चासो बढ्नु स्वाभाविक हो । त्यतिबेला वर्तमान नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविर बर्माबाट फर्केर सुमङ्गल विहारमा बस्नुहुँदा जम्मा हुने ससाना नानीहरूलाई लोकनीति, त्रिरत्न वन्दना, परित्राण-पाठ, धम्मपद आदि सिकाउनुहुन्थ्यो । त्यतिबेला जम्मा हुने नानीहरूमध्ये रूद्रराज (दिवंगत भिक्षु सुदर्शन महास्थविर) र गणेशकुमारी निकै जेहेनदार-मिहेनती सावित भएकाले यी दुबैजनालाई बुद्धशासनमा प्रव्रज्यादीक्षा प्रदान गरी बर्मा देशमा उच्चशिक्षा अध्ययनार्थ पठाउन पाए हुन्थ्यो भन्ने गुरु भिक्षु बुद्धघोषमा ठूलो आशा पलाएको थियो । त्यसैअनुरूप रूद्रराजले इच्छागरेअनुसार उनलाई कुशीनगरमा सुदर्शन श्रामणेरको नाउँबाट प्रव्रज्या प्रदान गरियो । लक्ष्मीमाया उपासिका (वर्तमान नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरका माता) का छोरीहरू मनोहरदेवी र शुभलक्ष्मी तथा हेराथकुंकी छोरी गणेश कुमारी बर्मा जाने उद्येश्य राखी भिक्षु बुद्धघोष कुशीनगरमै छँदा त्यहाँ पुगेलगत्तै वि. सं. २००५ (सन् १९५०) मा बर्माका भिक्षु धम्मावुधद्वारा मनोहरदेवीलाई अनगारिका मागधी, शुभलक्ष्मीलाई अनगारिका माधवी) र गणेशकुमारीलाई अनगारिका धम्मवती भनी नयाँ प्रव्रजित नाम प्रदान गरियो । यसरी गणेशकुमारीले आमाको प्रेरणा पाएर विहारमा गई सिकेको धर्मानुसार जीवन जिउनुमा उत्कृष्ट प्रव्रजित जीवन धारण गर्न पाएर धर्म र समाजको सेवा गर्ने जुन लक्ष लिएकी थिइन्, त्यतातिर मोडिन सुलभ नयाँ जीवन पाएर उनी अत्यन्त हर्षले विभोर भइन् ।

यौवनमत्तापूर्ण त्यो जवानीको वैंश, भर्खर १४ वर्षकी कलिली उमेरकी धम्मवतीको जीवनले नयाँ गतिसँगै उतारचढावपूर्ण संघर्षलाई आत्मसात गर्नुपर्‍यो, वस्तुतः उनले भोग्नुपर्ने ती संघर्षमय जीवन-गाथाले उनको भविष्यत् जीवनलाई उत्कर्षमा पुर्‍याउन उर्जाको भूमिका निर्वाह गरेको सम्भवतः त्यसबेला उनी आफैं अनभिज्ञ थिए होला । नारीहरूले अध्ययन गर्नै नहुने, लेखपढ गरेमा बिग्रिने सोच हावी भएको तात्कालीन सामाजिक परिवेशभित्र अझ परदेशमैं जानसक्नु कम साहस र आँटको कुरा होइन । दुईटी संगीनी नेपाल फर्कन बाध्य भए भने भिक्षु धम्मावुधसँगै जस्तोसुकै व्यवधान पार गर्न पनि तम्तयार, आफ्नो लक्षप्राप्तिलाई बाजीका रूपमा मोडिएको नौलो जीवनमा भोग्नुपरेका धेरै कठिनाई पार गर्दै उनी कलकत्ता हुँदै आसाम पुगे । पैदल यात्राको दौरान नागालैण्ड हुँदै जङ्गलको कठीन यात्रा भयंकर खतरनाक थियो, यद्यपि आजको समयमा भए त्यस्तो यात्रा रोमाञ्चक हुने थियो होला । नागाजातिको खुलमखुल्ला भेषभूषा देखी धम्मवती गजब भए त धम्मवतीको खौरिएको तकलु कपाल देख्दा उनीहरूले केटा हो कि केटी हो भन्ने ठम्याउनै



Downloaded from http://www.dhamma.digital

सकेनन् । हात्तीमाहुतेहरूसँगैको जङ्गलयात्रा अत्यन्त भयानक थियो, अजङ्गको अजिङ्गर, कालो सर्प, डरलाग्दो बाघजस्ता जनावरहरू प्रत्यक्ष रूपमा देख्दा उनको सातोपुत्लो गई एकचोटी बेहोश नै भइन् । धेरैदिनसम्म दुःखकष्ट भोलेर, खतरा मोलेर, अनेकौं जङ्गल पार गर्दै, कयौं पहाडका उकालीओराली चढ्दै, मानवशून्य उजाड ठाउँमा जङ्गलीसरह जीवनयात्राको थकान र प्यास त्यो पनि विशुद्ध धर्मप्राप्तिको लागि खतरा मोलेको त्यो यात्राको गन्तव्य अति नै कष्टप्रद थियो । सम्भवतः त्यस्तो भएरै अगाडि बढेको जीवन भएर नै होला उनको जीवनमा संस्कारजन्य उर्जाशक्ति अझ सशक्त हुँदै अगाडि बढ्यो । छ दिन छ रात लगातार हिंडाइपछि मिचिना शहर पुग्छ, तर अर्को प्रशासनिक लफडामा फँस्छ । आखिर विना पासपोर्ट र विना भिसाको यात्रा र जमानीको अभावका कारण अन्ततोगत्वा धम्मवतीले कठ्याँग्रिएको कारागारमा समेत रात गुजारा गर्नुपऱ्यो । छ महिना रंगूनमा बसेरै लामो प्रशासनिक तथा कानूनी-अदालती कामकारवाहीपछि उनले भिसा पाए, र त्यसपछि वि. सं. २००९ आश्विन ८ गते भिक्षु धम्मावुधको अभिभावकीय शासनिक प्रयासमा गुरुमां दो. पञ्चाचारीले धर्मगुरूत्व स्वीकारेपछि मोलमिनको सुप्रसिद्ध खेमाराममा प्रवेश गर्ने सुअवसर पाइन् ।

मेहनती धम्मवतीले त्यहाँ पुगेपछि आफ्नो लक्षसहित अध्ययनमा कम्मर कसेर नै पढे, परिणामतः वर्षदिनभित्रै सद्धम्मपालक परीक्षा प्रथम श्रेणीमा प्रथम भई आफ्नो सामर्थ्यता उजागर गर्न सफल भइन् । विभिन्न तह उत्तीर्ण गर्दै बर्मादेशको सर्वोच्च धार्मिक शिक्षा सासनधज धम्माचरिय (शासनध्वज धर्माचार्य) अर्थात् बुद्धशासनको ध्वजा फरफराउनमा सामर्थ्य कहलाइएको उपाधि प्राप्तिपछि वि. सं. २०१८ मंसीर ६ का दिन उनलाई छैठौं धर्मसंगायनास्थल महापाषाण गुफामा सरकारीस्तरले भव्यताकासाथ ससम्मानपूर्वक उक्त उपाधि प्रदान गरिएको थियो । धम्मवतीले १४ वर्षसम्म बुद्धवचन-त्रिपिटकको अध्ययनपछि वि. सं. २०१९ मंसिर १७ का दिन नेपालमा धर्मप्रचार-प्रसार गर्ने विशुद्ध अभिप्राय-उद्येश्यसहित दो. गुणवतीसँगै नेपाल आउनुभयो ।

नेपाल आगमनपछि थेरवाद बुद्ध-शासनलाई जनमानसमा फैलाउन विशेषतः प्रभावकारी प्रवचनशैलीका कारण अनगारिका धम्मवतीको प्रसिद्धि दिनानुदिन लोकप्रिय व्यक्तित्वका रूपमा स्थापित हुँदैगयो । परिणामस्वरूप उहाँकै अथक प्रयासस्वरूप श्रीघःविहार, नघलटोल परिसरमा वि. सं. २०२२ सालमा धर्मकीर्ति विहारको स्थापना भयो, यस विहार यौटा प्रभावशाली केन्द्रका रूपमा विकास हुँदै गयो, यहाँबाट सक्षम उपासकउपासिकाहरूको भूमिका देखिए भने त्यस विहारलाई वि. सं. २०५९ मा पूर्णरूपमा पुनः निर्माण गर्ने धार्मिक गौरवपूर्ण कार्य गर्न सफल भए, यसका लागि दाता उपासक द्रव्यमान सिं तुलाधर (भाइराजा साहु) तथा दाता उपासिका बसुन्धरा तुलाधर परिवारको स्मरणीय  योगदान रहेको छ । यसपछि विविध आयामिक रूपले धार्मिक मर्मका माध्यमले सामाजिक परिवर्तन गर्दैजान जुन भूमिका निर्वाह भयो, त्यसकै उपज हो वि. सं. २०२८ साल जेष्ठ ७ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संस्थापना । यसबीच धर्मकीर्ति विहारबाट मिशनकै रूपमा बुद्धधर्मको प्रचारप्रसार गर्न युवावर्गलाई परिचालन गरी राष्ट्रियस्तरमा विविध धार्मिक एवं सामाजिक क्रियाकलापलाई बढावा दिँदै जेजस्ता कृयाकलाप एकपछि अर्को स्वरूपमा अगाडि बढाइएको थियो, त्यसमा वर्तमान नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविर, दो. गुणवती तथा अनगारिका धम्मवतीको त्रिपक्षीय धर्मसम्मत सामूहिक प्रयासले सफलिभूत भूमिका निर्वाह गरेको देखिन्छ । आजको धर्मकीर्ति बौद्ध मासिकको निरन्तर प्रकाशन तथा बुद्धधर्म र पालिसाहित्यसम्बन्धी सयौं प्रकाशनमालाको निरन्तर प्रवाह उल्लेखनीय योगदानकै रूपमा लिन सकिन्छ । अनगारिका धम्मवतीको नेतृत्वमा धर्मकीर्ति विहारसम्बद्ध धार्मिक तथा सामाजिक यात्राले बहुआयामिक क्षेत्रमा प्रभाव जमाउन सफल भएअनुरूप राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बौद्ध जगतमा गुरुमां धम्मवतीको बुद्धशासनिक छवि प्रस्फुरण हुनपायो ।

उहाँको अदम्य साहसिक धार्मिक कार्यले जो कोहीलाई चक्मा दिएझैं भए होलान्, त्यसैले धार्मिक यात्रामा अनेक उकालि ओरालीसँगै संघर्षमय परिस्थितिलाई सामना गर्नुपऱ्यो । उहाँले लुम्बिनीमा गौतमी विहारलगायत विभिन्न संघसंस्थाको स्थापना, विमिन्न विहारलाई धर्मकीर्तिको मातहतमा शाखा विहारको रूपमा संचालन, धर्मकीर्ति ज्ञानमाला भजन, स्वास्थ्य कृयाकलाप आदि विविध क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरेकै हुन् ।

वास्तवमा जसले केही गर्छ, जो डटेर केही गर्न लगावकासाथ अगाडि बढ्छ, उसले हण्डर ठक्कर खानु र धार्मिक भाषामा भन्नुपर्दा अनेकौं मारहरू तेर्सिने, बाधा अड्चनले घेरिनुपर्ने परिस्थिति सृजना हुनु अस्वाभाविक होइन भने जसले त्यसलाई आत्मसात गर्दै अझ निडरताका साथ अगाडि बढ्ने साहस गर्छ उसले सफलतालाई चुम्नसक्ने हुन्छ भनेझैं अनगारिका धम्मवतीको जीवन-वृत्तान्तले यही पुष्टी गरेको आंकलन गर्न सकिन्छ । अत्यन्त कुशल कथा-वाचक, अभिधर्म-व्याख्याता, व्यवहार-कुशल, आवश्यकता अनुकूल सम्बन्ध कायम गर्न कुशल, दातापक्षलाई समेट्न माहिर, धर्मको माध्यमले सामाजिक, बौद्धिक, राजनैतिक, प्रशासनिक एवं स्वास्थ्य क्षेत्रमा पहुँच कायम राख्न सफल व्यक्तित्व, निडर एवं साहसपूर्ण धर्मयात्रा-धर्मचर्यामा धाराप्रवाह अद्यावधि खटिरहन सफल साहसिक व्यक्तित्वका धनी धम्मवती ७७ औं बसन्त पार भइसकेको यस घडीमा समेत उनबाट बुद्धशासनिक आयामिक कृयाकलापको आशा गर्न सकिन्छ । उनको ओजिलो-तेजिलो धार्मिक व्यक्तित्वलाई कसैले प्रगतिशील विचारधाराको नाउँमा वा अरू कुनै नयाँ आयामिक कार्यको रूपमा दुरुपयोग गर्ने वा हुने दुस्साहस गर्लान् भन्नेतर्फ सम्बद्ध सबै चनाखो हुनुपर्छ । धम्मवतीजस्तो गौरवमय इतिहास बोकेकी ऐतिहासिक पात्रलाई अगाडि सारी वा देखाउने दाँत बनाई आफ्नो दुनो सोझ्याउने कार्य अहिले मात्र होइन, भविष्यमा समेत गर्न दिनु हुँदैन ।

४६ सालको राजनीतिक परिवर्तनपछि नेपालमा नारी स्वतन्त्रता र समानताका सवालमा ठूलो परिवर्तनमुखी उठेका इश्युहरूले थेरवादी परम्परामा समेत प्रभाव पारेको कुरालाई नकार्न सकिंदैन । नामअनुसारको काम गर्न सफल धम्मवतीको नामसँगै भिक्षुणी धम्मवतीको स्वरूपमा परिवर्तन प्रवाहसँगै नेपालमा नितान्त धार्मिक मर्यादापक्षधरहरूका बीच असन्तुष्टभाव व्यक्त गर्नेहरू समेत नदेखिएका होइनन् । यसलाई जसरी स्वाभाविक मान्न सकिन्छ, त्यसरी नै यसको समाधानका उपायकौशललाई रचनात्मक तवरबाट निकास खोज्नु सम्बद्ध सबैका लागि सुखकर विषय हो । सम्भवतः यसैलाई ख्याल गरी उहाँ प्रव्रजित हुनुभएको ५० वर्ष भएको स्वर्णजयन्तीको अवसरमा प्रकाशित धर्मकीर्तिले (१७/७/२०५६) उहाँको नाम विषयमा तीन थरिका विश्लेषणलाई उल्लेख गरेका छन्-

१) थेरवादी भिक्षुहरूको तर्फबाट सम्बोधन गर्दा अनगारिका (घरत्यागी धार्मिक कार्यमा लाग्ने व्यक्ति),
२) विहारका साधारण उपासक उपासिकाहरूले धम्मवती गुरुमां,
३) अन्तर्राष्ट्रिय जगतका बौद्धहरू र साधारण जनताहरूले भिक्षुणी धम्मवती भनी सम्बोधन । यसमध्ये सबभन्दा उपयुक्त र प्रचलित सम्बोधन त धम्मवती गुरुमां नै हो ।

धम्मवती गुरुमांको साहसिक यात्राबारे बर्मेली भिक्षु उ. सूर्याभिवंशले निपो मे (नेपाली पुत्री) लेख्नुभएकै आधारमा बर्मेली सुप्रसिद्ध साहित्यकार भिक्षु तिलोकञाण (र वे थ्वँ) ले तमीः



Downloaded from http://www.dhamma.digital

छेत् शीर्षकीय जुन उपन्यास लेख्नुभयो, त्यसपछि उनी यःम्ह म्ह्याय्- स्नेही पुत्रीको नामले प्रसिद्ध भए । नेपालका दुतीय धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविरले नेपालभाषामा अनुवाद गर्नुभएको यःम्ह म्ह्याय्लाई मोतिकाजी शाक्यले स्नेही छोरी भनी नेपालीमा अनुवाद गर्नुभएको छ । साथै वि. सं. २०४९ मा जीवनीकार रत्नसुन्दर शाक्यले अनगारिका धम्मावती शीर्षकीय जीवनी लेख्नुभयो, त्यसमा प्रकाशित दुईशब्दमा भिक्षु ज्ञानपूर्णिक महास्थविरले यसरी मन्तव्य व्यक्त गर्नुभएको छ-

-"...विश्वमा नारीस्वतन्त्रता, नारीउत्थान, नारीजागरण र नारीअधिकार प्राप्तिको लागि बुद्धधर्मअनुसार सर्वप्रथम इनकलावीको झण्डा उठाउने र त्यसलाई ठड्याउने महिला महाप्रजापति गौतमी, गृहस्थ महिलाको रूपमा महाउपासिका मृगारमाता विशाखालाई पनि एउटी अग्रणी संघर्षकर्तृको रूपमा लिएमा कुनै आपत्ति देखिन्न । ...ती विदुषी लगनशीला, पराक्रमी, भविष्यउत्थान कर्तृ महिला अग्रणीहरूको पदानुपद अनुकरण र अनुशीलन गर्दै आएका महिलाहरू कम थिएनन् तापनि सामाजिक विसंगति तथा विविध अवरोधकारक कारणहरूले गर्दा बुद्धशासनको क्षेत्रभित्रको थेरवाद पिटकअनुसार यद्यपि भिक्षुणीशासन चिरस्थायी रहन सकेको थिएन तर पनि चेतनशील सजग नारीहरू हातमा हात राखेर चूप लागेर बसेकी थिइनन् ।...

-... साथै पण्डरङ्ग परिव्राजिका कहलाउन सकिने शीलवती गृहत्यागी महिलाहरू, आ ^नो नेपालको प्रचलित व्यावहारिक भाषामा "अनागारिका गुरुमां" (गुरूआमा) हरू पनि शनैः शनैः देखा पर्न आए । यस पुनरूत्थानकालका सर्वप्रथम अनगारिका हुनेहरूमा रत्नपाली, धर्मपाली र संघपालीहरूको नाउँ समुल्लिखित छ । त्यसपछि प्रभावशाली व्यक्तित्वको रूपमा अनगारिका गुरुमांको रूपमा अनगारिका धर्मचारी यस पुण्यभूमिमा देखापर्न आइन् । ...अहिले आएर त्यसबेलाभन्दा पनि महिलाजातिको बढी हित, सुख, कल्याण, अर्थ र उत्तरोत्तर अभिवृद्धिकामी अनगारिका धम्मवती पूण्यभूमि नेपालमा एउटी विदुषी, दक्षा, कार्यकुशला, व्यवहार कुशला, निर्भयी, स्पष्ट वक्त्री, उत्साही, धार्मिक क्षेत्रकी महिला पथप्रदर्शिकाको रूपमा देखा परिरहेकीछिन् । ...शिक्षा, धर्म, संस्कृतिको रक्षा, जनसेवा र समाज सेवा आदि क्षेत्रहरूमा सेवा पुऱ्याई लोकोपकारक कार्यहरूमा दत्तचित्त भई संलग्न भइराखेकाहरूको संख्या आज आएर दिन द्विगुना रात चौगुना भनेजस्तै वृद्धिहुँदै आइरहेको छ । यसैको ज्वलन्त उदाहरण अनगारिका धम्मवती रहेकी छिन- हाम्रो नेपालमा ।..."

समग्रमा धम्मवतीको जीवनीलाई हेर्दा यस शताब्दीको उत्तरार्ध यता प्रारम्भ भएर सशक्त रूप धारण गरेको पाश्चात्य मुलुकका अनेकन् आन्दोलनहरूमध्ये स्त्री-स्वातन्त्र्यवादमा उनको प्रभावकारिता देखिएकै मान्न सकिन्छ । यस कुरालाई स्पष्ट पार्न उनको जीवन्त इतिहास आफै बोलिरहेको छ । हुन त जीवनी एउटा व्यक्तिविशेषको जीवनवृतान्त, जसभित्र जीवनभर भएगरेका कामकुराको क्रमबद्ध लेखन वा कथनको रूपमा अगाडि बढिरहेको हुन्छ भने जीवनीको इतिहाससँग नजिकको सम्बन्ध हुन्छ । इतिहासमा धार्मिक, सामाजिक, जातीय वा राष्ट्रिय जीवनको प्रधानता हुन्छ भने जीवनीमा व्यक्ति-विशेषको व्यक्तिगत जीवनको प्रधानता हुन्छ । जीवनीमा आवश्यकता अनुसार ऐतिहासिक पृष्ठभूमि हुनसक्छ, तर इतिहास नै जीवनका लागि आदि र अन्त होइन । तुलनात्मक रूपमा इतिहासको वर्णन निर्जीव र नीरस हुन्छ भने जीवनीमा व्यक्तिविशेषको विवरण धेरै सजीव र सरस हुन्छ । यदाकदा साधारण घटनाहरूबाट पनि जीवनीका चरित्रनायकको व्यक्तित्व र अस्तित्व आलोकित हुन्छन् । जीवनी एकातिर तथ्यात्मक हुन्छ भने अर्कातिर कलात्मक पनि हुन्छ । जीवनीमा सृजनात्मकता पाइने हुँदा घटनाहरूकै आधारमा जीवनी सक्रिय र गतिमय रूपमा विकसित हुन्छ । घटनाको सम्मिश्रणबाट चरित्रनायक जीवन्त हुन्छ ।

धम्मवतीको जीवनी पक्षलाई नजिकबाट हेर्दा वर्तमान नेपालको बुद्धधर्म तथा नेपाली नारीजगतमै यौटा अध्ययन-व्यक्तित्वका रूपमा परिणत भइसकेको कुरा जनस्तरमा उनको प्रभावशाली व्यक्तित्वबाट स्पष्ट हुन्छ । त्यसो त कुनैपनि व्यक्ति आफ्नो सामाजिक धरातल र त्यसको परिवेशबाट अलग रहन सक्दैन । त्यसैले मानसिक आधारमा नै व्यक्तिको सांस्कृतिक आधारभूमि सबल हुन्छ । यही सांस्कृतिक मूल्य र मान्यताको पृष्ठभूमिमा पात्रको चारित्रिक संरचना र त्यसको विकासका लागि उपयुक्त अवसर प्राप्त हुन्छ ।

धम्मवती-व्यक्तिविशेषको जीवनपद्धति वा शैली नै प्रेरक र उत्प्रेरक भएकाले उनका धार्मिक वा वैयक्तिक घटना, धार्मिक जीवन शैलीले जीवन्त जीवनीको रूप धारण गरिसकेको छ । उनको जीवनीमा विभिन्न घटना र परिवेशका आधारमा भावभूमि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रकट भएको हुन्छ भन्दा अत्युक्ति नहोला । तर अप्रत्यक्ष प्रस्तुतिमा नै कसैको जीवनी कलापूर्ण र प्रभावपूर्ण हुन्छ भनेझैं अनगारिका धम्मवती, गुरुमां धम्मवती, बुद्धशासनकै यःम्ह म्ह्याय्-स्नेही छोरीको जीवन जीवन्त रूपमा अगाडि बढिरहनु सम्बद्ध सबैका लागि सुखकर-शान्तिकर विषय भएको छ ।

उनकै संक्षिप्त जीवनीविषयक यसै लेखनीमा नारीवादी सोच बारे लघु चर्चा यसरी गर्न सकिन्छ-हामीलाई थाहा छ आज नारी स्वतन्त्रतावादी आन्दोलनको इस्यू जताततै जल्दोबल्दो रूपमा अगाडि बढिरहेको छ । पुरुषप्रधान समाजभित्र युगौंको उत्पीडनले पिल्सेका नारी जातिले पूर्ण स्वतन्त्रता र मुक्तिको खोजीमा आन्दोलन छेड्नु पर्छ भन्ने धार सकृयतापूर्वक लागि परेको छ । त्यसैले युगानुयुगदेखि लिङ्गकेन्द्रित सिद्धान्तहरूको सहायताले पुरुष जातिले नारीउपर षडयन्त्र गर्दै आएका छन् भनी नारीवादीहरू लाञ्छना लगाउँछन् । अझ धर्म, दर्शन, साहित्य र जीवन-जगतप्रतिको व्याख्या पनि पुरुष-प्रधान दृष्टिकोणबाट गरिन्छ, यी सारा पितृसत्तात्मक पर्खालहरू भत्काएर नारी अस्तित्वको अलग पहिचान स्थापित गराउनु नै नारी आन्दोलनको मूल लक्ष हो, नारी अस्मिता स्थापनाको खातिर समर्पित यो एक विद्रोह स्वर हो भन्ने आशयसहित नारीलाई अर्धाङ्गिनी बनाएर नचाउने पूर्णाङ्गी पुरुषका पूर्वाग्रहपूर्ण मान्यताको पोल खोल्ने आन्दोलन पश्चिमी जगतमा त उहिले नै भइसकेको थियो भने दक्षिण एशियामा पनि त्यसको प्रभाव झ्याँङ्गिदो छ । सम्भवतः त्यसकै प्रभाव आज समग्र धार्मिक जगतममा देखिँदै छ ।

त्यसो त पूर्वेली दर्शनमैं नारी जातिले निस्क्रियताको पक्ष प्रतिनिधित्व गर्दछिन् भन्ने लाञ्छना लगाउनेहरू पनि छन् । जताततै पिता वा पुरुषत्वको भूमिका सर्वोच्च छ, नारीको स्थान गौण वा नगन्य छ भनी इतिहासले उक्साएको पुलिङ्गीपन भत्काएर आधिकारिकता, शक्ति, सत्ता र अहंकार भत्काएर त्यहाँ नारीलाई पुनस्थार्पित गर्नु पर्छ भनी दिनरात लागिपर्नेहरू पनि नभएका होइनन् । त्यसकै प्रभावस्वरूप राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक र कानूनी पाटाहर फाँडेर नौलो क्षितिजतर्फ नारीको कल्पना वा सृजना पुरुष पात्र सरहको स्वतन्त्र भूमिकामा नारीहरूको चित्रण हुँदैछ ।


आज लैङ्गिक समानताको इश्यू विश्वव्यापीकरण हुँदैछ । वस्तुतः यी स्त्रीत्व र पुरुषत्व लिङ्गअनुसार विभाजित भएका हुन् वा भएका हुँदैनन्, यो विचारणीय प्रश्न हो । वास्तवमा ती केवल प्रवृत्ति मात्र हुन्, तर ती प्रवृत्तिको सही रूपमा विश्लेषण नहुँदा भालेपन, मर्दानापन र श्रेष्ठताको श्रेय पुरुषहरूले हात पार्ने षडयन्त्र मात्र गरेका छन्, त्यसकै आडमा पितृप्रधान समाज अडेको छ भन्ने व्याख्या लिङ्गकेन्द्रित देखिन्छ भने यसलाई एकार्थक मान्ने कि नमान्ने, यो भ्रामक छ वा छैन ? यतातिर पनि ध्यान केन्द्रित हुनु सकारात्मकताका लागि रचनात्मक पहल हुनसक्छ । ❖



Downloaded from http://www.dhamma.digital

# पर्दा भित्रको मूतिकार

✍ **प्रेमलक्ष्मी तुलाधर**





मूर्तिकार नारायणदास मानन्धर

हाम्रो देश नेपाल विभिन्न प्रकारका मानिसहरू बसोवास भएको देश हो। जस्तै कि ज्ञान भएका, नभएका; बुद्धि भएका, नभएका; शीप भएका, नभएका । हरेक मान्छेको जन्मसंग एउटा एउटा शीप, जाँगर आदि बोकेर यस धर्तिमा पाइला टेकेको हुन्छ । जन्मेको बेला बच्चा, पछि ठूलो भएपछि के हुन्छ हुँदैन केही थाहा हुँदैन । जन्माउने आमाबुबालाई पनि !

आमा बुबाको कुसल पारिवारिक वातावरणमा हुर्कन्दै जाँदा दक्ष एउटा भएर अगाडि आएको हुन्छ। त्यस्तै एउटा शिल्प विद्या बोकेर आएको छ, चित्रकार समाज, मूर्तिकार समाजका नभएर मानन्धर समाजमा जन्मेका हुर्केका श्री नारायण दास मानन्धरज्यू ।

उहाँको जन्म काठमाडौं थँहिटी टोलमा आमा तिर्थमाया मानन्धर, बुबा कृष्णदास मानन्धरको कोखबाट ६ जना दाजुभाई, दिदी मध्ये पाँचौं पुत्ररत्नको रूपमा वि.सं. १९९४ मा जन्मेका श्री नारायणदास मानन्धर सानोबेला देखि चित्रकोर्ने र विभिन्न चिजविज बनाउन मन लाग्ने, स्कूल जीवन देखि माउत्सेतुङ्ग, लेनिन आदि विभिन्न चित्रहरू कोरेर आर्ट ग्यालरीमा प्रदर्शन गरेको कुरा बताउनु हुन्छ ।

ललितकला स्कूलमा ६ वर्षको कोर्ष ८ महिनासम्म मात्र पढ्न पाएको थियो । कामको सिलसिलामा पढाई छोड्न परेको थियो तर २५/२६ वर्षको उमेरमा घरेलुमा मूर्तिकलाको ट्रेनिङ्ग साँढेतीनवर्ष लिएको र पछि त्यहिं ३/४ वर्षसम्म सेरामिकको मूर्ति बनाएर आर्ट ग्यालरीमा प्रदर्शन गर्न पाउँदा खुशी लागको कुरा बताउनु हुन्छ ।

साधारण जीवन, नरम बोली बोल्ने आफ्नो जिवीकोपार्जनको निम्ति २०२३ सालतिर रेडियो नेपालको परस्पर र क्षेत्रिय अदालतमा क्यान्टिन पसल राखेर फुर्सदको समयमा मूर्ति बनाउने काम गर्नुहुन्थ्यो। धेरैजसो उहाँले बनाउने मूर्तिको साइज साँढेतीन फिट देखि ४ फिट सम्मको हुन्थ्यो । १०/१२ वटा जति भगवान बुद्ध र महादेवको मूर्ति बनाएर विभिन्न स्थानमा स्थापना गर्न लागेको स्मरण गर्दै भन्नुहुन्छ कि सबभन्दा पहिले बनाएको भगवानको मूर्ति लाजिम्पाटमा बस्ने दिनकाजी शाक्यले लगेको र अरू मूर्तिहरू ज्याठा, खुसिंबु, मनमैंजु, संघाराम, धोविचौर, श्रीघः विहार, महाराजगञ्ज र सबभन्दा पछि लुम्बिनी गौतमी विहारमा स्थापना गरेको, एउटा आफ्नै घरमा पलिस्था गरेको र अरू घरमा २ वटा भगवानको मूर्ति बनाएर राखेको कुरा बताउनु हुन्छ ।

घर सम्हालेर हामीहरूसबैलाई हेरचाह गर्नुहुने, बुद्ध धर्ममा समर्पित हाम्री दिदी कृष्णदेवी मानन्धरको इच्छा अनुसार हाम्रै घरमा पूज्य धम्मवती गुरुमांबाट महापरित्राण पाठ गराएर बुद्ध मूर्ति स्थापना गरेको र अर्को श्रीघः नःघ विहारमा २०४८ साल चैत्र ५ गते हो लिपूर्णिमाको दिनमा स्थापना गरेको र लुम्बिनी गौतमी विहारमा २०६६/११/४ गते पूज्य धम्मवती गुरुमां र अन्य गुरुमांहरूबाट परित्राण पाठ गराएर आफ्नो आमा बुबाको नाउँमा स्थापना गरेको बताउनु भयो ।

एकदिन आफ्नो दिदी कृष्णदेवी मानन्धर धम्मवती गुरुमांसंग लुम्बिनी गएको बेला गौतमी विहारमा ठाउँ खाली भएको देखेर गुरुमांसंग भगवानको मूर्ति राख्ने इच्छा व्यक्त गरेको बेला गुरुमां एकदम खुसी भएर हुन्छ भन्नुभएकोले नै मूर्ति स्थापना गर्न पाउनु नै अहोभाग्य हो भन्नुहुन्छ मानन्धरज्यू ।

आफ्नो दिदी कृष्णदेवीको हौसला प्रेरणाबाट यति गर्नसकेको कुरा उहाँ भन्नुहुन्छ । उहाँलाई खास प्रेरणा प्राप्त भएको ठाउँ चाहिं अजन्ता एलोरामा तिर्थ गएको



Downloaded from http://www.dhamma.digital

बेला गुफा भित्र कुँडिएको भगवान्, महादेवी आदिको मूर्ति यस्तो राम्रोसंग बनाएको थियो कि मन एकदम प्रफुल्लित भयो। त्यस्तो सुरुङ्ग भित्र त्यसरी मूर्तिहरू कुँदिएर बनाउन सकिन्छ भने हामीले पनि किन नसक्नु भन्ने भावबाट प्रेरित भएर मूर्ति बनाउने जाँगर आएको कुरा बताउनु हुन्छ। "मूर्ति बनाउँदाखेरी मनमा एक किसिमको आनन्द आउनुले दु:खलाई मेटिने औषधिको रूपमा लिन सकिन्छ" भन्नुहुन्छ। तर उहाँलाई सबभन्दा राम्रो मूर्ति लुम्बिनीमा राखेको बताउँदै एउटा रोचक कुरा भन्नुहुन्छ– "जब भगवानको मूर्ति लिएर लुम्बिनी उद्यानमा पुग्दाखेरी मोटरबाट झिकेर तल भुइँमा राखेको बेला त्यो मूर्तिमा एक चमक आएको जस्तो र अर्को किसिमको रूप फेरेको जस्तो भान भएको थियो। साँच्चै त्यस मूर्तिमा भगवानले नै प्रवेश गरेको जस्तो लागेको कुरा बताउनु हुन्छ।

थेरवादको एकमात्र विहार लुम्बिनी गौतमी विहार पूज्य धम्मवती गुरुमांको कुशल नेतृत्वमा बनेको नेपाली लुम्बिनी गौतमी विहार अत्यन्त राम्रो मनमोहक रूपमा देखिएको छ कारण त्यहीं थाइल्याण्डको पहेंलो ठूलो मूर्तिसंगै पित्तलको पहेंलो छत्र ओढाएको भगवानको सेतो मूर्तिले गौतमी विहारको स्वरूप नै फेरेको छ।

उहाँको मूर्ति निपूर्ण कलाकारले बनाएको मूर्ति भन्दा कम छैन। हाम्रो समाज मध्य मानन्धर समाजमा त्यो पनि ७४ वर्षको उमेरमा यस्तो मूर्ति बनाउन सक्नु पनि साँच्चै ठूलो कुरा हो।

आफ्नो मानन्धर समाजलाई नै उच्च, गौरव बनाएर यसरी मूर्तिकारको रूपमा अगाडि बढ्नु र एक दक्ष शिल्प विद्या पारंगत हुनु हाम्रो देश समाजको निम्ति सम्मानित र प्रेरणाकर्ता हुनुहुन्छ। "बैंशले कसैलाई छेक्दैन, सिक्ने, सिकाउने र बनाउनेलाई" भन्ने उक्तिलाई सार्थकता दिएको छ श्री नारायणदास मानन्धरज्यूले। ❖

## धर्मप्रचार समाचार

### मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६८ ज्येष्ठ २६ गते,* मैत्री बोधिसत्त्व महाविहार सुधार सहयोग समितिको आयोजनामा र धम्मवती गुरुमांको नेतृत्त्वमा मैत्री बोधिसत्त्व महाविहारमा सञ्चालन भएको बुद्धपूजा एवम् धर्मदेशना कार्यक्रममा धम्मवती गुरुमांले बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो। बुद्धपूजा कार्यक्रमपछि कार्यक्रममा उपस्थित हुनुभएको सम्पूर्ण धर्मप्रेमीहरूलाई लक्ष्मी, ताराशोभा (क) सहनशीला, अष्टशोभा र ताराशोभा (ख) आदि तुलाधर समूहको तर्फबाट जलपानको व्यवस्था मिलाउनु भएको थियो। यसदिन स्वयम्भू ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो। स्मरणिय छ प्राप्त समाचार अनुसार मैत्री बोधिसत्त्व महाविहार सुधार सहयोग समितिको तर्फबाट आयोजित यो ९४ औं पटकको बुद्धपूजा हो।

## बुद्धको व्यावहारिक शिक्षा मैले बुझें



✍ लिपिका बनिया

आजभन्दा २६०० वर्ष पहिले नेपालको लुम्बिनीमा बोधिसत्व सिद्धार्थको जन्मभयो। २९ वर्षको उमेरमा गृहत्याग गर्नुभयो। ६ वर्ष तपस्या गरे पछि ३५ वर्ष पुग्दा बुद्ध बन्नुभयो। त्यसपछि ३५ वर्षसम्म धर्मप्रचार गरेर ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभयो। उहाँ भगवान बुद्धले प्रचार गर्नुभएको धर्मलाई नै बुद्ध धर्म भनिन्छ।

अहिले संसारमा सबैले भगवान बुद्धलाई देउताको रूपमा पूजा गर्छन्। टीका, फूल, चामल, धूप आदि राखेर पूजा गर्छन्। म पनि भगवान बुद्धलाई देवता भनीठानेर ढोग्ने गर्थें।

एकदिन हाम्रो घरमा अश्वघोष भन्ते भोजनको लागि पाल्नुभयो। भोजन पछि उहाँले धर्मदेशना गर्नुभयो। धर्मदेशनामा उहाँले भन्नुभयो– "बुद्धलाई देवता ठानेर नानाप्रकारले पूजासामग्री राखेर पूजा गर्छन्। त्यसपछि भोज खान्छन्। त्यो जम्मै कर्मकाण्ड हो। त्यो जम्मै मान्छेले भगवान बुद्धलाई चिन्न नसक्नुको चिन्ह हो।

भन्तेले फेरि भन्नुभयो– "बुद्धको शिक्षा मानवको शिक्षा हो। आचरण शुद्ध गर्नु, व्यवहार सुधार गर्नु, सबै कोप्रति मायाँ गर्नु, यो नै बुद्धको मुख्य शिक्षा हो। जीवनमा असल मान्छे बन्नेतिर लाग्नुनै बुद्धलाई पूजा गर्नु हो।"

अश्वघोष भन्तेको धर्म देशना सुनेर मेरो आँखा खुल्यो। अब म भगवान बुद्धलाई देवता भनी थान्दिन, बरू असल मान्छे बन्न सिकाउने गुरु मान्छु। हामी सबैले यो कुरा बुझ्नुपर्छ। धन्यवाद !

***(पूज्य अश्वघोष महास्थविरको जन्म उत्सवको उपलक्ष्यमा सुनाइएको लेख।)***

### धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| मिति | बुद्धपूजा | धर्मदेशना |
| --- | --- | --- |
| २०६८ ज्येष्ठ २६ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६८ असार १ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६८ असार ९ | पुण्यवती गुरुमां | पुण्यवती गुरुमां |
| २०६८ असार १७ | केशावती गुरुमां | केशावती गुरुमां |



Downloaded from http://www.dhamma.digital

# कर्मफल–२

✍ धम्मवती गुरुमां

हानं भिंगु वा मभिंगु थजु गुगु भीसं यानागु कर्मे पूर्व चेतना, मुञ्च चेतना व पर चेतना स्वंगू चूलाना: वलवान ज्वीगु कर्म मध्ये नं कर्मया फल बीगु बुइँ पुसा पीवलेथें हे ख: । गथे बुइँ पुसा पीबले बुँ नं भिने मा:, पुसा नं भिनेमा:, पीनं स:म्ह ज्वी मा: अलेतिनि व पुसाया माँ बाँलाक चुलि व्हया: फल नं बाँलाइ ।

थुकीं सीका काय्मा भिंगु बुँ समान शीलवान व्यक्ति ज्वी । पुरा समानगु कर्म ज्वी । बुइँ पुसा प्यूम्ह समान पुण्य याम्ह व्यक्ति ज्वीं । उकिं भिंगु बुँ समानम्ह शीलं पवित्रम्ह व्यक्तियात नं सुं व्यक्तिं भिंगु वा मभिंगु कर्म वने या: वन धा:सा व मभिगु कर्म पुसा प्यूसाँ दु:ख फल यक्व सइ । उकिं भीसं भिंगु बुँ समानपिं शील आचरणं पवित्रपिं व्यक्तिपिं नाप लाईबले भीगु मने नं भिंकथं विचार वेका भिंगु हे पुण्य रूपी पुसा पी सयक्य मा: । अले जकं न्ह्याबलेंया निंतिं भीगु जीवन सुखमय ज्वी ।

भिपिं धयापिं सु ? सुयात भिंपिं धाइ ?

धात्थें धायमाल धा:सा गुम्ह व्यक्ति लोभ द्वेष मोहया विरोधे वनी बा वनेफै उम्ह व्यक्ति न्ह्यागु वस्त्र पुनात:सानं वहे भिंम्ह जूवनी वयात हे भिंम्ह व्यक्ति धाइ ।

भीसं गुलि नं कर्म (ज्या) याना च्वना चाहे भिंगु ज्वीमा चाहे मभिंगु ज्वीमा अभिधर्म अनुसारं प्यभाग थले फु बा प्यथी दु धाय् फु । अथे धयागु प्यंगू कथं फलबीगु कर्म दु । व ख: –

(१) दिट्ठ धम्मवेदनीय = थ्वहे जन्मे खने दयेक फल बीगु कर्म । सुयागुं खुयाकाल अले पुलिसं ज्वना यंकल ठानाय् बा जेले च्वना दु:ख कष्ट भोग याय्माल । थ्व खने देक फल भोग याय् माल ।

मेगुनं उदाहरणया लागी बाखँ छपु न्ह्यथने गुकिं खँ थ्वीका काय् अप्वी । छम्ह ब्याद्दा शिकार वने धका सुथ न्हापनं पिहाँ वन भिक्षु छम्ह ध्वद्दिक नापलात । बुद्धया पाले सं खानातपिं मुण्डन खनेवं बिच्छुक जुल धका भिक्षुयात अलछिनाम्ह धका: ब्व: ब्युब्युं वन । जंगले वना: छम्ह हे पशु वा पंछित शिकार याना हये मफत । छ्यूँ लिहाँ वने माल धका लँय् वइच्वंबले व हे भिक्षु नापलात उकिं थौं ल्हा: खालि याना लिहाँ वये माल । आ: हानं नापलात छ्यूँ छु, ज्वीगु ज्वी धका मती तया व भिक्षुयाप्रति द्वेष भाव तया थ्वयात स्याय्माल धका थ:म्हं ब्वना ह:म्ह शिकारी खिचा निम्ह स:ता च्यच्य: धका न्याकेत सन ।

अले व भिक्षु ज्यान बचे याय् माला सिमा छमाय् थाहाँ वन । खिचाँ चीवर च्व: साला काल । चीवर कुतुंवया ब्याद्दाया म्हे तोपुल । खिचाया मती ख: वहे भिक्षु सिमाँ कुतुंवल धका ब्याद्दायात कुचा ज्वीक न्याना स्याना बिल । निर्दोषीमेसित अपराध या:गुलिं थनया थनसं फल बिल ।

राजगृहे सुमन सेठया पुण्ण धयाम्ह दास बुंज्या याना च्वंथाय् निरोध समापत्तिं दना बिज्याम्ह सारिपुत्र अरहन्त भिक्षा बिज्यात । पुण्ण धयामेसिनं ख्वा: सिलेत ल: व दतौन दानयात । पुण्णया कलामेस्याँ भातयात नकेत दयेका यंकूगु नयेगु यंका च्वंबले लँय् सारिपुत्र महास्थविर यात मन प्रसन्न याना श्रद्धा चित्तं दान याना हानं छ्यूँ वना नयेगु ज्वरे याना बुइँ वना भातयात फुकं खँ कन । पुण्ण थ्व खँ न्यना साप खुसी जुल । अबले हे बुँज्या याना च्वंबले लुँ लुया वल । सेठ पदवी नं पावे जुल । थ्वहे जन्मे फल प्राप्त ज्वीगुयात दिट्ठ धम्म वेदनीय कम्म धाइ ।

**उपपज्ज वेदनीय कम्म** = लिपाया जन्मे फल बीगु कर्म । बुद्ध धर्मे भिंगु वा मभिंगु कर्मया फल भोग याय् मा:गु नं दु म्वा:गु नं दु । थ्व खँ क्वे अहोसि कर्मया बारे खँ पिहाँ वइतिनि । तर थन उपपज्ज वेदनीय कर्म धयागु थुगु जन्मे म्वाना च्वंतले मन शुद्ध जुया, चिन्ताँ मुक्त जुया सिनावन धा:सा अवश्य वया गति भिनी ।

बुद्धया पाले मट्ट कुण्डली धयामेस्या बौ नुग: स्याम्ह जुया काययात वास: मयासे स्याना छोत । मट्टकुण्डली सींथे च्वंबले बुद्ध अन बिज्यात बुद्धया करूणा खना मट्टकुण्डली साप लय्ताल नापं प्राण तोता सुगति वन धयागु सफुती च्वया त:गु दु ।

लिपाया भवे (जन्मे) फल बीगु कर्मयात थौकन्हेया मनोवैज्ञानिकतसें माँ बौनं याना त:गु कर्म काय म्ह्याय् पिसं फल भोग याय मालीगु धका नं व्याख्या याना त:गु खने दु । गथेकि बौ बदमासम्ह जूसा वया काय म्ह्याय्पिंत समेतं मेपिसं पत्या: याइ मखु । इमि शाखा सन्तान हे अज्यापिं धाय्का च्वने मालि यो । उकियात हे छगू प्रकार या उपपज्ज वेदनीय कर्म धाइ धयागु अमिगु धापू ख: ।

(३) अपरापर वेदनीय कम्म=न्हयाग्गुं जन्मे फल वी फइगु कर्म अथवा निर्वाण मथ्यंतले गबले गबले संयोग चूलात अबले अबले फल बीगु कर्म ।



Downloaded from http://www.dhamma.digital

गबले गबले संयोग चूलात अबले अबले फल बीगु धयागु गथे धाःसा ? भीसं आः भिंपिनि संगत याना भिंगु ज्या याना यंकूसा भिंगु फल पावे ज्वी । मभिंपिनिगु संगत याना मखुगु ज्या याना यंकल धाःसा मभिंगु फल भोग याय माली, पुलाँगु कर्मफल नापं मुना फल ब्यूवै । फलनागु हे जन्मे फल दै धकाः धाय् मफु मौका दतकि फल बी । न्हापां कनागु कर्म निगू मध्ये थ्व बल्लाः व शक्ति सम्पन्न जू । उकिं निर्वाण प्राप्त मजूतले गुबलेलात उबले कर्मफल बीफु ।

बाखं सफू स्वया यंकेबले अरहन्त जूसाँ नं थ्व अपरापरिय कर्मफल भोग याय् मालीगु स्वभाव खः । मोग्गल्लायन अर्हन्त भिक्षुया न्हापा थः कलाया खँ न्यनाः मिखाँ मखंम्ह माँयात दायाः स्यागु पापं अर्हन्त जुया च्वंवले डाकुतसें दाय्का सिनावने माल ।

(३) अहोसि कर्म = विपाक व फल बीगु शक्ति फ्वी धुंकूगु कर्मया नाँ खः । थुगु हे जन्मे विपाक व फल बी मागु कर्म जुया च्वंगु दिट्ठ धम्म वेदनीय कर्म शक्ति फल प्राप्त मजुल कि व हानं लिपा फल भोग याये माली मखु ।

कर्मफल भोग यायेत कर्मजक याना तयाँ मगाः । उकिया फल भोग यायेत संयोग चूलाय्माः । उपमा धाय् माल धाःसा भी छुं नं छुं माँ बुइका फल सयक्यत पुसा नं माः । पुसा जक दयाँ नं मज्यूनि, व पुसा चुलि होय्का फल सय्का नयत चा, फय व निभाः आदि तत्व मिले ज्वी मानि । अलेतिनि व पिनागु पुसा चुलिहोया तःमाँ जुया फल सया वइ ।

अथे हे भीसं यानागु भिंगु थजु बा मभिंगु थजु फल प्राप्त याना कायेत कारण चूलायेमा गथेकि भिंगु फल भोग यायेत भिंगु शुद्ध मनं धर्मकर्म रूपी पुसा माः । व भिंगु धर्मकर्म रूपी पुसा चुलि होया फल सयका नयेत बुद्धि, वीर्य, धयागु लिमचिलेगु उत्साहंतिनि जयज्वी धकाः विश्वासयानाः ज्या याना यंकेमानि अलेतिनि व भीसं यानागु भिंगु कर्मया फल पावेज्वी बा भिंगु फल बी । अथे हे मभिंगु कर्मया फल भोग याय्त नं अल्सी,मूर्ख बुद्धि व स्वार्थी अन्धविश्वासी पापी अनं भंभं मखुथे सना गुहालि बी मानि अलेतिनि थःमं यानागु पाप कर्मया मभिगु फल भोग याय् माली बा मखुगु फल बी ।

अथे संयोग चूमलात धाःसा भीसं यानागु कर्मया फल बी मछिना पुसा किलंनयाः स्यनाँ वंथे भीसं यानागु कर्म भिंगु नं मभिंगु नं निगूया नं फल प्राप्त मज्वीफु । थुकीयात अहोसि कर्म धकाःधाइ ।

उदाहरण माल धाःसा अंगुलिमालं छम्ह पाः दोछि मनूत स्यानाः ग्यानापुसे च्वंगु अपराध पाप यासाँ नं व बुद्धया शरण वना मन भिंकाः थःगु गल्ति थ्वीकाः कुशल व भिंगु ज्या याना यंका वहे जन्मे अर्हन्त निर्दोषी व शुद्धम्ह जुया निर्वाण सुख प्राप्त यात । कर्म फुकं लोप जुयावन ।

उकिं भीपिं बुद्धिमानि जुयाः बिहोश मजुसे धर्मकर्म याःज्वीगुया नं अर्थ थ्व हे खः । तर भव हानं जन्मकया फल भोग यायेगु आशा मकासे धर्मकर्म याःसा जक थ्व हे जन्मे अरहन्त ज्वीफै । छाय् धाःसा कुशल नं अकुशल नं दत्तले हानं फल भोग यायेगु संस्कार दयाच्वनी । कर्तव्य भाःपाः जक भीसं ज्या याये फय्क्य माः ।

न्हापा भीपिं मभिंपिनिगु संगते लाना मभिंगु विचार वयाः मभिंगु ज्या यानाः करपिन्त दुःख पीडा बीगु कुकर्म याना वयागु नं दु ज्वी माः । आः नं मूर्ख जुया, अल्सी जुया पापकर्म हे जक याना च्वन धाःसा व न्हापा न्हापा याना वयागु पाप कर्म रूपी पुसाय् चा लः आदि तेवा बीथें जुयाः कर्मफल भोग याकेत छिनावै । अले दुःख पीडाँ भीत सते याइ ।

तर आः भीसं होशतया वीर्य उद्योग याना अल्सी व अज्ञानतायात बिवेक बुद्धिं त्याकाः धर्म चेतना उत्पन्न यानाः परउपकार यानाः नुगः चक्कंका च्वने फत धाःसा न्हापा न्हापा आजु बाज्यापिनि पालंनिसें वयाच्वंगु मभिंगु संस्कार, मभिंगु पुसा चुलि होय् छिनी मखु । धर्मकर्म रूपी पुसाय् हे लःचा व साः तयाः तेवा बीथें जुयाः कर्म वल सम्पन्न जुयावै । भाग्य भिनावै ।

भाग्य भिनावैगु बारे छक बाँलाक थ्वीके मालाच्वंगु दु । बुद्ध धर्म अनुसारं भाग्य धयागु जन्मं वइगु मखु कर्मं वइगु । अभाग्य व भाग्य धयागु थःथःगु ल्हाती हे खः छुयाय् भाग्य मदु धका, कर्मे मदु धका सुंक च्वंच्वंसा भंभं कर्म खोट्टा जुया वनी । अल्सी मजूसे उत्साह व मेहनत याना यंकल धाःसा कर्मे मदुगु नं दया वइ ।

थ्व खँ थ्वीका बीया लागी बुद्धयापाले भाग्य मदयाः दुःख जुल धका च्वंच्वंम्ह लिपा सुंक मच्वंसे शुद्धगु मनं उत्साह याना, बिवेक बुद्धि दयेकाः जीवन सुखमय जूगु बाखँ छ्पु न्हयथने तेना । भी जातः क्यनेगु छगू बानि धाय्ला विश्वास धाय् न्हापा न्हापाँ निसें दयावया च्वंगु चलन खः । भी जातः क्यनासोयवं भाग्य दुम्ह व लछिंलाःम्ह धका ज्योतिषं धयाहयेव न्यासि चाया ज्वी, तर अल्सी जुयाः ज्याखुं व ज्याखुनी जुया च्वन धाःसा भाग्यं भीत बिचाः याः वइ मखु, न रक्षा हे याः वइ । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*बुदिं:*
*बि.सं. २०२५ ज्येष्ठ ८ गते*

*मदुगुदिं:*
*बि.सं. २०६८ ज्येष्ठ १९ गते*

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य मयजु

# निर्मला प्रजापति

२०६८ साल ज्येष्ठ १९ गते मदुगुलिं वयकया निर्वाण कामना यासें
धर्मकीर्ति पत्रिकां बिचाः हायका च्वना ।

## धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार, श्रीघः, नःघल

# अनन्त ज्ञान निर्वाणया खोजय्

✍ **छत्रराज शाक्य**, तानसेन

आषाढ पुन्हिंया चां
प्रकाशमय
नीरव निशब्द शान्त
तापाक तक दृष्टिगोचर जुयाच्वन,
थौं थ्व मन उद्विग्न जुया च्वन,
चंचल जुया च्वन,
शंका उपशंका मनय् दना वै च्वन,
तापाक क्षितिजय् प्रकाशय् दृष्टि वनी
आकर्षित जुयाः पुलकित रोमाञ्चित
जुयाः
पलख लिपा लाय्कूया प्यखरं
पःखाःदुने
थःत कुना तःगु चायकाः
थौं या देह वांलागु हिसि दुगु
कन्हे बृद्ध जर्जर ल्वचं ग्रष्त, निसहाय
गले जुइगु असहाय अवस्थासं थ्यनीगु
हाय ! दैव थ्व गज्यागु विडम्वना ।
मयल मयल थ्व दुःखमय असार
जीवन,
आः पलभर नं म्वाय् मय्ल,
ल्वचं कईगु, नये पित्याइगु
व शोकया बन्धन हाकुतिना,
जि न्ह्यचलं चायका, जागृत जुया,
आः जा जिं पिहाँ वने,
अनंन्त ज्ञान निर्वाणया खोजय् ।
यजु ! छ न्हयो वय्का च्वन
विश्राम या त्यानु जुई
तर छ नं न्हयलं चायकि जागृत जु,
सदां न्हयो वय्ंका च्वने मते ।
छंगु थ्व सुकोमल देह
कन्हे जर्जर जुइतिनि
बाँलागु हाकुगु सँ
तुइसेच्वनाः हाया वनीतिनी,
अये जुयाः तापाक क्षितिजय् स्व
ज्ञानया जः यात स्वयुगु या ।
यजु ! जि थौं छंगु वन्धनं मुक्त जुया ।
छ नं मुक्त जुल ।
थौं तकया सहयात्राय्
जिं आभारी कृतज्ञ जुया?
छ धन्य खः ।
प्रिय काय् ! छनं देना हे च्वं,
दनाः जिगु लपुँई,
वाधक जुय मते,
अबु-काय्या वन्धन हाकुतिना
छनं स्वतन्त्र जुल,
छन्हु छ नं
थ्व हे लँपुई वइ तिनी- विदा ।
पुर्वाभिमुख जुया :
दृढ पलाः छिनाः
आ.जा जि प्रस्थान ज्वी
अनन्त ज्ञान निर्वाणय् थ्यनेत ।



Downloaded from http://www.dhamma.digital

# शान्तिको उपाय अहंकारको त्याग

✍ पं. रामकृष्ण उपाध्याय

जीवनलाई सरल सुगम र सुबोध बनाउन कसरी सकिन्छ भन्ने उद्देश्यलाई लिएर आध्यात्मिक र भौतिकवादी गुरूहरूले अनेकौं शास्त्र र आविष्कार गरे। कतिपय स्वाभाविक रूपले जे प्राप्त हुन्छ त्यसमा सन्तुष्ट भएर सरल जीवन बिताउने उपाय देखाउँछन भने कतिपय सुखानुभूतिको माध्यम शरीर हो भन्दै शरीर सञ्चालन गर्नका निम्ति सुगम र सुबोध उपायको खोजीमा नयाँनयाँ आविष्कार गरेका छन् । जे होस्, अध्यात्म र भौतिक यी दुवैको चिन्तन आआफ्नो ठाउँमा छ। तर भौतिकभन्दा एक चरण माथि अध्यात्म जहिले पनि रहन्छ। किनभने आत्मा नभई सुखानुभुति हुन सक्दैन र जतिसुकै भोगका सामग्री उपलब्ध भए पनि सन्तुष्टिचाहिँ हुँदो रहेनछ। त्यसैले अध्यात्मवादीहरू भन्दछन्– लोभ नगर्नु, सन्तुष्ट हुनु आदि ।

*गीतामा भगवान श्रीकृष्ण भन्छन्–*
लोभ नगर्नु, सन्तुष्ट हुनु आदि ।
*गीतामा भगवान् श्री कृष्ण भन्छन्–*

**यदृच्छालाभ सन्तुष्टो द्वन्द्वातीतो विमत्सरः ।**
**निम्र्मो निरहंकार स शान्तिमधिगच्छति ॥**

उनले दुःख पाउने कारणका बारेमा यसरी चर्चा गरेका छन् । पहिलो- आफूले गरेको कर्मको फलभन्दा अधिक चाहना र लोभ गर्नु दुःखको कारण रहेछ । दोस्रो-तेरो-मेरो, सुख-दुःख घाम-पानी, जाडो-गर्मी आदि द्वन्द्वको प्रभावले निष्प्रभावी भएर कार्य नगर्नु । तेस्रो ईर्ष्या गर्नु, चौथो- ममता राख्नु । पाँचौं अहंकारी हुनु। यी पाँच चरणका कार्य यदि जीवन यात्रामा भएन भने शान्ति सजिलै हुँदो रहेछ अथवा यसो भनौ यदि यी पाँच विकारको आवरण हटाउन सक्यौं भने शान्तिप्रदीप उज्यालो मा सजिलै पुग्न सकिन्छ। मनुष्य सन्तुष्ट पनि हुन सक्छन्। प्रयास गरेमा द्वन्द्वको प्रभाव सहन गर्न सकिन्छ। अरूको ईर्ष्या त्याग्न कठिन भए पनि परिवेश अनुकूल भएमा त्याग्न सकिन्छ। तर मानिसले अहंकार त्याग्न सक्दैन । हामीलाई लाग्छ- हामीमा अहंकार छैन तर पनि बाँकी रहन्छ ।

एकजना व्यक्तिलाई घरपरिवार बाट वैराग्य लागेछ र ऊ सबै त्यागेर कुनै आश्रममा गएर बस्न थालेछ । उसको अध्ययन पनि राम्रो थियो । अध्ययनका क्रममा प्राप्त भएका प्रमाणपत्र पनि च्यातेर फालिदियो। बिस्तारै उसका बारेमा चर्चा हुन थाल्यो- ऊत करोडौंको धनसम्पति परिवार त्यागेर आएको त्यागी हो । उसलाई त्यागको अहंकार छैन। रिस पनि उठ्दैन। चाहे कसैले जे सुकै भनोस् । कुनै एकजना तत्त्वदर्शी महात्माका कानमा जब यो कुरा पुग्यो। सोचे कि यस्ता चर्चा हुनमा यो व्यक्ति स्वयं संसारमा धकेल्दछ। यो चर्चा हुनमा यो व्यक्ति स्वयं पनि दोषी छ । किनकि उसले कतै चर्चा नगरेको भए यो अपरिचित ठाउँमा कसरी चर्चा हुन्थ्यो। एकदिन त्यागी व्यक्ति नदीमा स्नान गरेर फर्किंदै थिए । ती महात्माले अपवित्र अवस्थामा छोइदिए उसले केही नभनी गएर पुनः स्नान गर्‍यो। फर्कने क्रममा तत्त्वदर्शी महात्माले उसको शरीरमा फोहोर फ्यालिदिए। उसले केही भनेन। केही टेढो नजर लाउँदै पुनः स्नान गर्‍यो। तर तेस्रोपटक ती महात्माले त्यो व्यक्तिलाई स्नान गरेर फर्कने क्रममा फोहोर फ्याल्ने ठाउँमा धकेलिदिए । यसपटक उसलाई सह्य भएन र भन्यो, हैन, तिमीले के गर्न खोजेको ? म बारम्बार चुप रहँदा पनि तिमी मलाई क्षुद्र व्यवहार गरिरहेका छौ? के सोच्छौ तिमी मलाई ? मैले त्यतिकै घरव्यवहार त्यागेको होइन। अत्यन्त बैराग्य जागेर हो । मैले करोडौंको धन सम्पत्ति पैतालामुनि कुल्चेर आएको हुँ । मेरो अध्ययनको विषयबारे तिमीलाई थाहा छ। मैले तीन-तीन ओटा विषयमा पीएचडी गरें । सबै बुझें मैले । यो सब बेकार रहेछ । जबसम्म आत्मज्ञान हुँदैन । तबसम्म मनमा शान्ति आउँदैन । त्यसैले तिमीले दिएको दुःखले मलाई छुँदैन । बुझ्यौं । यति भनेर तिनी जान लागेका थिए, त्यस बेलामा आगन्तुक महात्माले तिनीलाई भने, हो, तिमीले ठूलो त्याग गरेका रहेछौं । ठूलो फोहोरको थुप्रो फ्यालेर त्यागको कुरा गर्दा रहेछौ । शरीरको मैलो त्यागेर त्यागको चर्चा गरेजस्तै तिम्रो कुरा सही हो । यो सुनेर ती महात्मालाई आश्चर्य लाग्यो। तिनी नतमस्तक भए । आगन्तुक महात्माले भने, याद राख, बाहिरी वस्तुको त्याग गर्न कठिन छैन। सजिलैसँग त्याग्न सकिन्छ। मुख्य कुरा अन्तर्मनबाट कुनै वस्तु त्याग्न सक्नु त्याग हो अन्यथा त्यागको अहंकारमात्रै बोकेर हिँड्नेछौ।' ❖

*(साभार- अन्नपूर्णपोष्ट)*

ramkrshna.up@gmail.com

## माहामानव गौतम बुद्ध

✍ अ. शान्तिवती, बुटवल

( १ )
आफ्नो द्विप आफै वने खुशी हुन्छ बुद्ध
आत्म द्विप बन्न सके बन्छ मानिस शुद्ध
फल रोपे फल फल्छ काँडा रोपे कांडा
शान्ति रोपे शान्ति हुन्छ अशान्ति रोपे अशान्ति
आफूले जे रोप्छु यही फल पाउँछ ।

( २ )
घटाएमा घटछ द्वेश वढाउनु हुन्न
घमण्ड लाई घटाएमा शान्त हुन्छ मन
घमण्डको चोट लाग्दा मन हुन्छ क्रोध
उपेक्षित वनी सके बन्छौ हामी ज्ञानी
आफू शुद्ध भएपछि समाज शुद्ध हुन्छ ।

( ३ )
शुद्ध मनले बाच्न सके बन्छ मान्छे बुद्ध
दया माया करुणाका खानी प्रतिक बुद्ध
जति चोट खाए पनि सहनु नै पर्ने
सुख दुःख हुरी वतास जस्तै आइ सरी
यही नै हो हाम्रो जीवन यात्रा भरी सरी ।

( ४ )
मानिसले दुख पाए मात्र सम्फन्छ बुद्ध
दुःख पछि पछि क्षणिक सुख आउने
एक समान नभएर परिवर्तन हुने
आफ्नो भन्ने सवै छाडी जीवन समाप्त गर्नुपर्ने
आगो निभाइ अशान्तिको हुन्छ निवार्ण प्राप्त



Downloaded from http://www.dhamma.digital

# बुद्धपूर्णिमाको, धम्मयात्राको लहरमा लहरिन्दै जाँदा

✍ **गौतम 'शिशिर'**, श्रीघः विहार

२५५५ औं बुद्धपूर्णिमाको उपलक्ष्यमा म मेरो धम्मयात्राको लहरमा लहरिंदै जाँदा सदाझैं यसपाली पनि म एक्लै हवाइजहाजबाट काठमाडौं देखि (चन्द्रगडी) भद्रपुर सम्म बैशाख महिनाको त्यो अन्तिम दिन ३१ गते १.०० वजे विमान स्थलमा पुगें त्यहाँको प्रचण्डगर्मी महिना थियो । त्यहाँबाट म एक्लै विर्तामोड तिर रु. ५०/- तिरेर रिक्सामा गएँ नभन्दै मलाई लिन लामा प्रेमकुमार आले मगर आउँनु भएको रहेछन । विर्तामोड चोकमा विर्तामोडबाट हामी ३ जना एउटा टाटासोम जीप गाडीमा चढेर श्री लामा खड्ग मगरको गाउँ (Tea My Garden) मेरो चियावगान । तिमाई भुटानी शरणार्थीहरूको कयाम तथा शरणार्थी शिविरमा पहिलो चोटी निमन्त्रणा भएकोले म उहाँहरूको बुद्धजयन्ती कार्यक्रममा उपस्थिति हुन पुगें । जाँदा-जाँदै बाटोमै सावित्री मगर दिदीको घरमा पस्यौं । उहाँले मान सम्मान गरेर हतार हतार रोटी, तरकारी, चिया, जुस बनाएर खान दिनु भयो । भोक लागेकोले थपि-थपि खायौं । त्यहाँबाट शरणार्थी शिविर भित्र भागेनाटु रत्न बुद्ध विहार (गुम्वा) रहेछन् । त्यहाँ हामी गयौं । त्यसपछि मिलन मगरको ठूली आमाको घरमा (विश्राम) आराम गर्न गयौं ।

३ दिने कार्यक्रम आयोजना-थेरवादी भिक्षुबाट बुद्धपूजा, पञ्चशील प्रार्थना गराउने प्रवचन सुनाउने र लामाहरूबाट शान्तिको कामना पाठगर्ने जस्ता कार्यक्रम भयो । त्यसपछि त्यहाँको जनजाती भाषा-भाषी साँस्कृतिक कार्यक्रम अनुरूप नै त्यहाँ विशाल १० हजारौं मान्छेको सहभागी भई कार्यक्रम भयो । उहाँहरू भुटानदेखि शरणार्थीको रूपमा दुःख भोगाईमा दुःखित भएका सम्पूर्ण उपासक उपासिकाहरूको अन्तिम श्रद्धा देखि अनि पहिले नै बुद्ध धर्म अंगालेको भए शरणार्थी हुन पर्ने थिएन भुटान देश बुद्धधर्म, बौद्ध धर्म देश हो । हाम्रो धर्म बुद्धधर्म भनि थाहा भएन भनि उहाँहरूबाट प्रकट गर्दा मलाई झनै हृदयदेखि गौरब लाग्यो । जेठ ३ गतेका दिन मलाई २०६८ सालको २५५५ औं बुद्ध पूर्णिमाको दिवस विषेश दिनथियो । त्यो दिन मैले दुई ठाउँको कार्यक्रमका निमन्त्रणा भएको हतार-हतार भयो । ठीक ११.०० वजे उपासक गाडी लिएर अर्कोठाउँ जानको लागि लिन आउँनु भयो ।

टिमाईबाट भोजनपछि त्यहाँको कार्यक्रमलाई बिचमै छोडेर काँकडभिता भारतको सिमाना इट्टाभट्टाको छेउँमा गयौं । त्यहाँ श्रद्धालु बुद्ध धर्म प्रेमी जङ्गबहादुर वाङ्गेलीमगर धुलावारीबाट नयाँ विहार बनाउँनु भएकोरहेछन । त्यहाँको विहार (गुम्वा) बुद्ध पूर्णिमाको दिन नै उद्घाटन मेरो हातबाट रीवन काटेर भयो । यसरी धैरै ठाउँमा कार्यक्रममा उपस्थितिको रूपमा पहिलो चोटी हो । त्यहाँको स्वागत सम्मान र उद्घाटन गर्दा तालीवजाई अनि मगरको पहिचान देख्दा मगरहरू पनि बुद्ध धर्म प्रति ब्यूँझिएछ । तर बुद्ध धर्मको दर्शन कहिले थाहा पाउँला कहिले ब्युझिने होला । त्यहाँबाट अर्को कार्यक्रम हामीले भ्याउन सकिएन त्यो दिन काँकडभिता नै वास भयो । भोलिपल्ट दार्जिलिङ्गमा पुग्यौं त्यहाँ कार्यक्रम भयो । त्यसपछि ६-७ गते दमक वेलडाँगी शरणार्थी कयाम तथा शिविरमा पनि गुम्बामा मगर मैला आमासमूहबाट २५५५ औं बुद्धजयन्तीको उपलक्ष्यका, पूजा, प्रवचन, कार्यक्रमको निमन्त्रणा थियो । हतार-हतार गर्दै त्यहाँ पुग्यौं । त्यहाँ २ दिन कार्यक्रम शरणार्थी मगर महिलाजन उर्लेर आयो । त्यहाँपनि कार्यक्रमले विशाल रूप लियो ।

**"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा । सचित्त परियोदपनं एतं बुद्धानुसासनं ।"** "सवै पापहरूबाट मुक्त हुनु, कुशल धर्म सञ्चय गर्नु, चित्तलाई विकार रहित तुल्याउनु यहिनै बुद्ध भगवानको शिक्षा हो ।"

यसैगरी ४ ठाउँमा भगवान बुद्धको जन्म सम्वोधी लाभ र महापरिनिर्वाणको दिवस मनायौं । त्यहाँको उपासक उपासिकाहरूसंग छुटेर बसपार्कमा आएँ तिलबहादुर थापामगर, लामा प्रेमकुमार आले मगर आउनु भयो । जव गाडी गुडेपछि ठूलोपानी पऱ्यो । लामा प्रेमले भन्यो उपासक उपासिकाको मन पग्लेको भन्यो । फेरि दमक मै वास बस्यौं रमेश थापा मगरले १ दिन भएपनि बसिदिनु मेरो घरमा भनि आग्रह गर्नुभयो । त्यहाँ पनि कार्यक्रम रमाइलो भयो । त्यसपछि श्रीघः विहार काठमाडौं तिर रात्री साईनो बसमा चडेर आउँदा सबैले विदाईको हातहलाउँदै थियो । काठमाडौं आइपुग्यौं । त्यो दिन गाडी वन्द भएकोले भोलि पल्ट मात्र विहारमा आइपुगें । यो बुद्ध पूर्णिमाको सुखद् उपलक्ष्यमा बुद्धभूमी नेपालमा शान्ति छाओस् समस्त नेपालीहरूमा सुख शान्ति समृद्धिका लागि उत्तरोत्तर उन्नति अभिवृद्धि होस् । ❖

*अत्ता ही अत्तनो नाथो – कोही नाथोपरो सिया*
*अत्तना व सुदन्तेन – नाथं लभति दुल्लभं*

## थःहे मालिक

✍ **आनन्द शाक्य**

थःहे तुं खः थः म्ह मालिक धैगु वाक्य थ्वीके वा
बुद्धया थुगु ज्ञाने च्वनाः, सत्य मार्ग ल्वीकेवा ॥धु॥
सुंहे मदुन्हां थन सो, झीगु मुक्तिया थुवाः
थःगुहे भिंज्यां जकं थःगु मुक्ति ल्वीकि सीकेवा ॥१॥
छो ह्वलांःछो हे जकं सै, वा ला सैहे मखु न्हां
धर्मया फल धर्म हे खःसा, पापया फल पाप न्हां ॥२॥
न्ह्याबलें परया भरें च्वंच्वने झी मयल् वा
थःगु हे तुतामं चुयाः थःगु लँ तप्यंके वा ॥३॥
बुद्धं क्यना बिज्याःगु व, च्यापु लँ हे खंकेवा
उगु हे लँपुं जुयाः झी निर्वाणे थ्यंकेवा ॥४॥



Downloaded from http://www.dhamma.digital

# बुद्ध सन्देश गीत स्तुति होइन, सत्य विचार हो

✍ डा. चन्द्रमान वज्राचार्य

*"जसले धर्मलाई देख्छ, उसले मलाई पनि देख्छ; जसले मलाई देख्छ, उसले धर्मलाई पनि देख्छ"* - *बुद्ध*

विश्वमा नेपालको पहिचानको एक प्रमुख कारक बुद्धको जन्म हो। महामानव सिद्धार्थ गौतम बुद्धको २५५५ औं जयन्तीको दिन आज संसारभर उनको शिक्षा र योगदानबारे चर्चा र सम्झना हुन्छ।

दृश्य-अदृश्य जगत्मा विनाकारण कुनै घटना, कार्य र परिणामको प्रार्दुभाव हुँदैन भन्ने विशुद्ध वैज्ञानिक चिन्तन अगाडि सार्ने महामानव हुन्- सिद्धार्थ गौतम बुद्ध। त्यस समय वैदिक धर्ममा कर्मकाण्डको प्रधानताको कारण धार्मिक आन्दोलनको युग थियो। वैदिककालीन ऋषिहरूले स्थापना गरेका धार्मिक र सामाजिक मान्यता कालान्तरमा साधारण मनुष्य जीवनका लागि दुःखको कारण बन्न थाल्यो। सामाजिक असमानता बढेर गएपछि त्यस कालमा धार्मिक धर्मको स्थापनाले प्राचीन वैदिक धर्मको रूप नै बदलियो। यो तत्कालीन समयको आवश्यकता थियो। त्यसबेला बुद्धका अमर सन्देशले समस्त जगत्लाई विश्व शान्ति स्थापना गर्न प्रेरणा मिल्यो। उनै महामानव बुद्धको जन्म ६२३ ई.पू. वैशाख शुक्ल पूर्णिमा दिन नेपालको लुम्बिनीको वनमा भयो। सिद्धार्थ उनको बाल्यकालको नाम रह्यो।

जन्मिएको साता दिनमै मातृवियोग हुन पुगेका सिद्धार्थको लालनपालन सानी आमा गौतमीबाट भयो। ज्योतिषीहरूले भविष्यवाणी गरेका थिए– यो बालक कि चक्रवर्ती महाराज हुनेछ कि महान् त्यागी बनेर समस्त मानिसको कल्याणकारी कार्य गर्नेछ। सिद्धार्थ बाल्यकालदेखि नै खेल्न छोडेर ध्यानमा बस्ने गर्दथे। ठूलो भएपछि वनमा सिकार खेल्न जाँदा उनी मृगलाई वाण हान्नुहो सट्टा भगाउँथे। घोडा सवार गरिसकेपछि घोडालाई माया गर्दथे।

एकपटक बुद्धले आफ्नो बगैंचामा माथिबाट खसेको हाँसको शरीरमा रोपिएको देवदत्तको वाण झिके; घाउ धोए र आफ्नो काखमा राखे। देवदत्त उक्तहाँस माग्न आए तर सिद्धार्थले हाँस दिन अस्वीकार गरे। त्यसपछि त्यो हाँस कसको हुन्छ भन्ने मुद्दा राजदरबारमा पऱ्यो। हाँसको प्राण बचाएकोले राजसभाको निर्णय सिद्धार्थको पक्षमा भयो।

सिद्धार्थलाई विरक्त हुन नदिन राजा शुद्धोदनले अथक प्रयास गरे। शुद्धोदनले सिद्धार्थको विवाह राजकन्या गोपा (यशोधरा) सिच विधिपूर्वक गरिदिए। सिद्धार्थले नगर प्रदक्षिणाका क्रममा बूढा, रोगी, मुर्दा र सन्यासी देखे। यी दृश्यले उनमा सांसारिक जीवन भोगाइबाट वैराग्य उत्पन्न गरायो। यसपछि उनी अमरत्व प्राप्त गर्ने चिन्तनमा लीन हुन थाले। एक रात आफ्नी पत्नी यशोधरा र नवजात पुत्र राहुललाई छोडेर दरबारबाट निस्किए। विद्धान्हरूकहाँ पुगेर आफूले खोजेजस्तो ज्ञान प्राप्त गर्ने प्रयास गरे, तर कसैबाट पनि चित्तबुझ्दो ज्ञान नमिलेपछि उनले तपस्या गर्ने निर्णय गरे। एक वृक्षमुनि बसेर कठोर तप गर्दा उनको शरीर सुक्दै गयो।

एकदिन तपस्या गरिरहेको बेलामा वनमा आएका केही महिलाले गीत गाए-वीणाको तार धेरै कसे चुँडिन्छ र खुकुलो भए स्वरै निस्कँदैन। यो गीत सुनेपछि सिद्धार्थलाई कठोर तप उचित नभएको प्रेरणा मिल्यो। त्यसपछि उनले तपस्याको हठ छोडेर मध्यम मार्ग अपनाए। पछि गौतमलाई बुद्धत्व प्राप्त भयो र उनी बुद्ध भए। उनले काशीनजिकको सारनाथ स्थानमा आफ्नो धर्मचक्र प्रवर्तन प्रारम्भ गरे। मुख्यतः उनका चार उपदेश छन्–

(१) दुःख के हो, (२) दुःख कसरी उत्पन्न हुन्छ (३) दुःखको निरोध र (४) दुःख निरोध गर्ने मार्ग। यी चार आर्यसत्य हुन्। यसको साधनाका रूपमा आर्य अष्टांगिक अर्थात् आठ श्रेष्ठ अंग मार्ग हुन्छन्– (१) सम्यक् दुष्टि, (२) सम्यक् संकल्प, (३) सम्यक् वाचा, (४) सम्यक् कर्मान्त (५) सम्यक् आजीव (जीविका) (६) सम्यक् व्यायाम, (७) सम्यक् स्मृति र (८) सम्यक् समाधि।

सिद्धार्थ कर्मकाण्ड, होम, यज्ञ, पशुबलि आदिका विरोधी थिए; वेदका विरोधी थिए। त्यसैले उनी नास्तिक थिए। उनले आफ्नो नाथ आफैं हो भनेर मनुष्य जीवनलाई नै सर्वोच्च स्थान दिए। उनले धर्मलाई दुःखीपीडितहरूको सेवाको अर्थमा लिए र तिनीहरूकहाँ पुगी पवित्र भावनाले तिनको सेवा गरे। त्यसैले उनी महान् जनसेवी हुन्। यसर्थमा उनी आज पनि जनमनमा रहिरहेका छन्।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

**पूज्य भिक्षु अश्वघोष महास्थविरको ८५ औं जन्मदिनको उपलक्ष्यमा बालचित्रकला प्रतियोगिता सम्पन्न**

*प्रस्तुती- शुभवती गुरुमां*

अखिल नेपाल भिक्षु महासंघका उपसंघनायक पूज्य भिक्षु अश्वघोष महास्थविरको ८५ औं शुभजन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले बालचित्रकला प्रतियोगिता आयोजना गरिएको थियो। उक्त प्रतियोगितामा ८ वर्षदेखि १२ वर्ष सम्मको बाल-बालिकाहरूलाई बौद्ध झण्डा र १३ वर्ष देखि १६ वर्षसम्मका बाल-बालिकाहरूलाई धर्मचक्र मुद्राको चित्र कोर्न लगाइएको थियो। दुवै समूहमा गरी जम्मा १७६ जना बाल-बालिकाहरूले भाग लिएको उक्त प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार जित्न सफल बाल-बालिकाहरूलाई २०६८ असार ४ गतेका दिन पुरस्कार वितरण गरिएको थियो।

धर्मकीर्ति विहारको धम्महलमा आयोजित उक्त कार्यक्रम पूज्य भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा र पञ्ञावती गुरुमांको सभापतित्त्वमा सम्पन्न गरिएको थियो। उक्त प्रतियोगितामा विजयी बन्न सफल दुवै समूहका बाल-बालिकाहरूको नाम यसरी रेहेको छ–

*पहिलो समूह (८ वर्ष–१२ वर्ष) बौद्ध झण्डा*

प्रथम - मैत्री शाक्य, दुतिय - सीतु मानन्धर

तृतीय - लय्ता तुलाधर, सान्त्वना - श्रीया वज्राचार्य

*दोश्रो समूह - (१३ वर्ष–१६ वर्ष)*

प्रथम - निसन राई, दुतिय - श्रीजना मगर

तृतीय - मनिता श्रेष्ठ, सान्त्वना - निलिशा तुलाधर

विजयी बाल-बालिकाहरू लगायत अन्य सबै सहभागी बाल-बालिकाहरूलाई पूज्य भिक्षु अश्वघोष महास्थविरले पुरस्कार एवंम् प्रमाणपत्र वितरण गर्नुभएको थियो। उहाँले उक्त सभामा बौद्ध झण्डा र धर्मचक्र मुद्रा विषयमा प्रकाश पार्नु भएको थियो। उक्त कार्यक्रममा धर्मकीर्ति शिक्षा सदनका बालबालिकाहरूले बाल गीत प्रस्तुत गरेका थिए। यसरी नै बालिका श्रावस्ती तुलाधरले मैत्री सुत्त पाठ गरेको थियो भने बालिका लिपिका बनियाँले लेख वाचन गरेको थियो। अन्य बालिकाहरू मनिका, सोनिका, भुमिका, हिसि र लुनिभाले विश्वमा शान्ति बाँसुरी धुन बजाएका थिए। सरोज मानन्धर को संयोजकत्वमा सञ्चालित उक्त कार्यक्रम रीना तुलाधरले सञ्चालन गर्नुभएको थियो।

**दोस्रो संगायना**

*२०६७ पौष २४ गते, शनिवार*

*प्रवक्ता- श्यामलाल चित्रकार, प्रस्तुती- राजभाइ तुलाधर*

यसदिन श्यामलाल चित्रकारज्यूले दोस्रो संगायनाको आवश्यकता कसरी उत्पन्न भयो भन्ने कुरालाई प्रष्ट पार्दै भन्नुभयो–

आजभन्दा लगभग २६०० वर्ष पहिले भगवान गौतम बुद्धले बोधिज्ञान प्राप्त गर्नुभयो। बहुजनको हित र सुखको लागि उहाँले ४५ वर्षसम्म आफूले प्राप्त गरेको ज्ञान आम जनसमुदायमा प्रचार गर्नुभयो। तर वहाँको जीवनकालमा उहाँले दिनुभएको उपदेशहरू संग्रहित गरिएको थिएन। महापरिनिर्वाण पछि जो भिक्षुहरू अर्हत भइसकेको थिएन उनीहरू विलाप गरिरहेको वेला एकजना सुभद्र भन्ने बुढो भिक्षुले चाहिं खुशीव्यक्त गरे। उसले *"संधै यो गर यो नगर भनीरहने व्यक्ति नभएपछि अब हमी स्वतन्त्र भयौं"* भने। महाकाश्यप भन्तेले यो सुनेपछि बुद्धको शिक्षालाई चीरकालसम्म मौलिक स्वरूपमा जीवन्त राख्नको लागि पाँचसय अर्हत भिक्षुहरूको उपस्थितिमा प्रथम संगायना गरे। आनन्द भिक्षुले धर्म सम्वन्धी उपदेशहरूको वाचन गरे जसलाई अरू भिक्षुहरूले पनि समर्थन गरेपछि सूत्रको रूपमा प्रामाणिकता दिइयो। त्यस्तै उपालि भिक्षुले नियमहरूको उल्लेख गरे र अरूबाट समर्थन प्राप्त भएपछि विनयको रूपमा संग्रहित गरियो। यसरी प्रथम संगायनामा सूत्रपिटक र विनयपिटक बन्यो। अभिधम्मपिटक पछि मात्रै बनेको थियो। प्रथम संगायनामा अरू केही महत्वपूर्ण कुराहरूलाई पनि समेटिएको थियो। छन्द भिक्षुलाई दिइएको ब्रह्मदण्ड ठीक छ भन्ने कुरा सभाबाट पारित गरिएको थियो। आनन्द भिक्षुबाट पनि विभिन्न विषयहरूमा स्पष्टिकरण मागिएको थियो। त्यसमध्य एउटा प्रमुख प्रसङ्ग थियो जसमा भगवानले सानातिना नियमहरू समयको सान्दर्भिकता अनुसार परिवर्तन गरे पनि हुन्छ भन्नुभएको थियो। अरू भिक्षुहरूले आनन्दलाई तिमीले ती सानातिना नियमहरू के हुन् भनेर किन नसोधेको भनी आक्षेप लगाएका थिए। यही नियम परिवर्तनको कुरालाई लिएर नै पछि संघमा विवाद र विभाजन आयो।

पहिलो संगायना भएको सय वर्षपछि कालाशोकको पालामा बैशालीका भिक्षुहरूको बीचमा केही साना नियमलाई परिवर्तन गर्नुपर्छभन्ने कुरालाई लिएर मतभेद उत्पन्न भयो। भिक्षुले पालन गर्नुपर्ने २२७ नियम मध्य १० वटा पालन नगर्ने अथवा परिमार्जन गर्ने भन्ने कुरा आयो। दशवटामा पाँचवटा खाना सवन्धी नियमहरू थिए। मध्यान्ह पछि दुई अंगुल छायाँ देखिने बेलासम्म पनि भोजन ग्रहण गर्न सकिने गर्ने, एउटा गाउँबाट अर्को गाउँमा जाँदा दुई चोटी भोजन गर्न सकिने आदि परिवर्तन चाहेका थिए। खाना सम्वन्धी बाहेक अरू परिवर्तन



Downloaded from http://www.dhamma.digital

चाहेकोमा सुन, चाँदी पनि दान लिन सकिने गर्ने आदि थियो। यसककन्दपुत्र भन्ने भिक्षुले यी नियम परिवर्तनको कुरालाई स्वीकार गरेन। यस विवादलाई सुल्झाउन उहाँले कौसाम्बी, अवन्ति, पावा आदि देशहरूबाट भिक्षुहरू जम्मा गरी त्यसवेलाको विद्वान र प्रशिद्ध भिक्षु रेवतलाई भेटे। रेवत भिक्षुले सल्लाह अनुसार वैशालीमा सातसय भिक्षु जम्मा भएर सम्मेलन गरे। सो सम्मेलनले दशवटा नियमहरू उल्लंघन गर्न नहुने निर्णय गरे। पछि यो सम्मेलनलाई नै दोस्रो संगायनाको रूपमा अङ्कित गरियो।

केही समयपछि बैशालीका दशहजार वज्जी भिक्षुहरूले अलग्गै सम्मेलन गरेर आफूहरूले चाहेजस्तो नियम बनाए। यिनीहरूको संख्या धेरै भएकोले महासांघिक भन्ने गरियो भने सबै नियम जस्ताको तस्तै पालन गर्नुपर्छ भन्नेहरू जो अलि पाको उमेरका थिए उनीहरूलाई थेरवादी भन्ने गरियो। यसरी बुद्धको परिनिर्वाणको सयवर्ष पछि संघमा विभाजन आयो। सानातिना समय सापेक्ष हुन नसक्ने नियमहरूलाई लिएर वादविवाद गर्नु भन्दा बुद्धको शिक्षाको मूल मर्म समाहित भएको छ कि छैन भनेर जाँच गर्नुपर्छ। कुनै पनि यानमा यदि चतुरआर्य सत्य, आर्य अष्टांगिक मार्ग, अनित्य दुःख अनात्मको दर्शन, कर्म विपाकको सिद्धान्त समेटिएको छ भने त्यसलाई बुद्धकै धर्म हो भनेर सहज रूपमा ग्रहण गर्न सकिन्छ।

## शिक्षाको विधाहरू र बुद्ध शिक्षा

*२०६८ बैशाख २४ गते, शनिवार*

*प्रवक्ता- त्रिरत्न मानन्धर, प्रस्तुती- राजभाइ तुलाधर*

भगवान बुद्धको उपदेश लोकोत्तर क्षेत्रमा मात्र नभइ लौकिक क्षेत्रमा पनि त्यति नै सान्दर्भिक छ। आधुनिक शिक्षाको विभिन्न विद्याहरूमा बुद्ध शिक्षाले पुऱ्याउनसक्ने योगदानको उल्लेख गर्दै त्रिरत्न मानन्धरज्यूले भन्नुभयो–

बुद्धधर्मको मूल लक्ष्य मनबाट विकार अथवा क्लेश हटाउनु हो। तर विस्तृत रूपमा अध्ययन गर्दै गयो भने यसले उपउत्पादको (Byproduct) रूपमा सबैजसो शैक्षिक विधाहरूको लागि अत्यन्त उपयोगी कुराहरू समेटेको छ। आधुनिक शिक्षामा बुद्धको उपदेशहरू समिश्रण गर्नसके शिक्षाको स्तर पनि बढ्छ र बुद्ध शिक्षाको पनि विकास हुन्छ। आज हामीले पढ्ने महत्वपूर्ण शैक्षिक विद्याहरू हुन्– इतिहास, भूगोल, अर्थशास्त्र, राजनीति शास्त्र, नागरिक शास्त्र, व्यवस्थापन, शिक्षा कानून, विज्ञान, स्वास्थ्य, वातावरण, द्वन्द व्यवस्थापन आदि। भगवान बुद्धले विभिन्न प्रसङ्गहरूमा दिनुभएको उपदेश यी विद्याहरू मध्य कुनै न कुनैमा मैल खान्छ।

आधुनिक इतिहास दश बाऱ्ह शताब्दि अगाडि देखि मात्रै शुरू भयो। तर बुद्धकालीन इतिहास त्यो भन्दा धेरै अगाडि नै शुरू भइसकेको थियो। अझ बुद्ध आफैले त्यो भन्दा पनि अगाडिको इतिहास वर्णन गरेको पाइन्छ। दीर्घ निकायको अगञ्ञ सूत्रमा मानिसको विकासक्रम कसरी अगाडि बढ्यो भन्नेकुरा बताइएको छ। भूगोलको कुरा गर्दा पृथ्वी अन्तरिक्षमा प्रतिस्थित छ भन्ने कुराको संकेत बौद्ध साहित्यमा पाइन्छ जुन कुरा आजको विज्ञानले प्रमाणित गरिसकेको छ। अर्थशास्त्रको उत्पादन, उपभोग, वितरण आदि विषयसंग सम्वन्धित धेरै कुराहरू बुद्धको उपदेशमा पाइन्छ। बुद्धले कुनै पनि वस्तुको सकेसम्म कम उपभोग गर्ने र त्यसको अधिकतम उपयोग गर्ने शिक्षा दिनुभएको छ। यो शिक्षालाई सबैले पालन गरे कोही पनि अभावमा रहनुपर्ने अवस्था आउने छैन। कुटदन्त सूत्रमा बुद्धले प्रसेनजीत राजालाई सबै जनतालाई उसले चाहे अनुसारको आजीविका गर्ने अवसर देउ भन्नुभएको छ। राजनीति शास्त्रसंग सम्वन्धित राज्य कसरी सञ्चालन गर्ने, नेतृत्व कसरी गर्ने आदि कुरा दशराजधर्ममा उल्लेख गरिएको छ। सप्त अपरिहानीय सुत्रमा राज्य कसरी बलियो र बाह्य आक्रमणबाट सुरक्षित हुन्छ भन्नेकुरा भन्नुभएको छ।

नागरिक शास्त्र सम्वन्धी मानिस-मानिस बीच परस्पर व्यवहार कस्तो हुनुपर्दछ भन्ने बारेमा बुद्धको शिक्षा अनुपम नै छ। व्यवस्थापनको कुरा गर्ने हो भने मजदूर, कामदारहरूलाई राम्रो व्यवहार गर्नुपर्छ, उचित पारिश्रमिक दिनुपर्छ, अनि मात्रै उनीहरूबाट राम्रो काम लिन सकिन्छ भन्नुभएको छ। शिक्षाको कुरा गर्दा बुद्ध आफै महान शिक्षक हुनुहुन्थ्यो। उहाँसंग व्यक्तिको क्षमता बुझेर, अवस्था हेरेर उपदेश दिने तरिका, कला, खुवी थियो। भगवान बुद्धले शारीरिक र वाचिक कर्मलाई भन्दा मनले गर्ने कर्मलाई बढी महत्व दिनुभएको छ। आधुनिक कानूनले पनि दण्ड दिंदा व्यक्तिको नियत अनुसार दिने गर्छ। आज हाम्रो देश विभिन्न किसिमको द्वन्दमा फँसीरहेको छ। बुद्धले दिनुभएको द्वन्द समाधान गर्ने उपाय अपनाइए देशमा स्थायी शान्ति आउने सम्भावना धेरै बढ्ने थियो होला। शिक्षाको अरू सबै विधाहरूमा पनि बुद्धको उपदेश आज उत्तिकै सान्दर्भिक छन् जति उहाँको समयमा थियो। त्यसैले बुद्धको शिक्षालाई आधुनिक शिक्षाको विभिन्न विधाहरूमा समावेस गरिए शिक्षाको स्तर माथि उठ्नुको साथसाथै मानिसमा मानवीय गुण बढाउन समेत उपयोगी हुनेछ।

**भिंकाच्वना**

**धर्मकीर्ति पत्रिका वर्ष २९, अङ्क २, पेज ल्याः ११ स प्रस्तुत जुयाच्वंगु "गथेजुइ पापया फल ?" च्वसुया च्वमी सुनिता मानन्धर ज्वीमाथाय् मेकथं जुयाच्वंगुलिं थुकियात भिंकाच्वना। *– सम्पादक***



Downloaded from http://www.dhamma.digital

### जामाच्वय् बुद्धपूजा

पूज्यनीय धम्मवती गुरुमांया निर्देशन व अनुमती अनुसार थ्व हे वंगु ज्येष्ठ ७ गते पञ्ञावती व केशावती गुरुमांपिनि संयोजकत्त्वय् धर्मकीर्ति विहारया २३० म्ह उपासक उपासिकपिं नागार्जुन पहाड "जामाच्व चैत्ये" बुद्धपूजाय् ब्वति कागु दु । उगु कार्यक्रमय् धम्मदिन्ना (चमेली गुरुमां पाखें धर्मदेशना जूगु खः । गुरुमांपिनी पाखें देशया शान्ति कामना यासें परित्राण पाठ याना बिज्यागु खः । मदेय् (परलोक) धुकुपिनी सुगति कामना यासें उपासक-उपासिकापिंसं (देवा) मत च्याकाः पुण्यानुमो दनयानाः कार्यक्रम क्वचाल ।

### २५५५ औं बुद्ध पूर्णिमा महोत्सव

२५५५ औं बुद्ध जयन्तीको सुखद् पावन अवसरमा बौद्ध महिला आजीवन दायक समितिको आयोजनामा विभिन्न कार्यक्रम गरी सम्पन्न गरियो ।

*२०६८ ज्येष्ठ १ गते ।* लुम्बिनी मेडिकल कलेज शिक्षण अस्पताल प्रभासमा भर्ना भएका सम्पूर्ण विरामीहरूलाई सु-स्वास्थ्यको कामना गरी फलफूल वितरण ।

*२०६८ ज्येष्ठ ३ गते ।* विहान ४ बजे बुद्ध भजन सहित नगर परिक्रमा (प्रभातफेरि) ६ बजे ज्ञानमाला भजन, शील प्रार्थना, बुद्ध पूजा, दान-प्रदान र महाचैत्य विहार निर्माणको लागि सहयोग रु. १,३०,०००/– (एकलाख तीसहजार) प्रदान गरियो । अन्तमा धर्मचर्या, पुण्यानुमोदन गरी सम्पन्न गरियो ।

### कमला गुरुमां प्रव्रज्याको ५० वर्ष समारोह समिति गठन

पद्मकीर्ति विहार, कमलपोखरीका प्रमुख श्रद्धेय कमला गुरुमां प्रव्रजित हुनुभएको ५० वर्ष पुगेको उपलक्ष्यमा एक धार्मिक समारोहको आयोजनागरी उहाँलाई अभिनन्दन गर्न एक समारोह समिति गठन गरिएको छ । धम्मवती गुरुमां धम्मानुशासक र करूणावती गुरुमां सदस्य सचिव रहनुभएको उक्त 'कमला गुरुमां प्रव्रज्या ५० वर्ष समारोह समिति' को सदस्यहरूमा राजेन्द्र राजकर्णिकार, अनुप तुलाधर, बिमला राजकर्णिकार, रत्नवीर महर्जन, गौरी बज्राचार्य, तुल्सीदास मानन्धर, मदनरत्न मानन्धर, अरूणसिद्धि तुलाधर, अगम्यरत्न कंसाकार, रोशनकाजी तुलाधर, रीना तुलाधर र इन्द्रकुमार नकर्मी रहनुभएको छ । यही आउने २०६८ श्रावण ७ गते शनिवारका दिन काठमाडौं, नक्सालको स्टार भेन्यूमा एक धार्मिक समारोहको आयोजना गरी श्रद्धेय कमला गुरुमांको अभिनन्दन गरिने कुरा 'समारोह समति' ले जानकारी गराएको छ ।

स्मरणिय छ, कमला गुरुमांले २०१८ सालमा बर्मामा दो. पञ्ञाचारी गुरुमांबाट अनगारिका पञ्ञाको नामबट प्रव्रज्या ग्रहण गर्नुभएको थियो ।

---

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*बुदिं:*
*बि.सं. २०११ बैशाख २२ गते*

*मदुगुदिं:*
*बि.सं. २०६७ चैत्र ११ गते*

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य मय्जु **सुवर्ण रञ्जित**
२०६७ साल चैत्र ११ गते आकाझाकां ५६ वर्षय् मदुगुलिं वय्कया छैं जः पिसं
थुगु दुःखद् घडी संसारया अनित्य स्वभावयात थ्वीकाः
धैर्य धारण याय्फय्‌मा धकाः कामना यासें विचाः हाय्‌का च्वना ।

## धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार, श्रीघः, नःघल



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरु

क्र.सं. ६८४
**संगिना शाक्य**
कुमारीपाटी, ललितपुर
रु. १०००/–

क्र.सं. ६८५
**दुर्गादेवी मानन्धर**
टेकु, काठमाडौं
रु. १०१०/–


क्र.सं. ६८६
**रविना सिंह**
ईन्द्रचोक, काठमाडौं
रु. १००५/–

क्र.सं. ६८७
**न्हूच्छेरत्न शाक्य**
चावहिल, कुटुवहिल, काठमाडौं
रु. १०५०/–

क्र.सं. ६८८
**श्रीष्मा बज्राचार्य**
पुल्चोक, ललितपुर
रु. १०००/–

क्र.सं. ६८९
**गङ्गादेवी मानन्धर**
इ्वःछें, काठमाडौं
रु. १०१५/–

क्र.सं. ६९०
**संघरत्न शाक्य**
कलंकी-१४, कामनपा
रु. १०१०/–



अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जितवा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*बुदिंः*
*ने.सं. १०५४ तछलागाः ११*
*(वि.सं. १९९१)*

*मदुगुदिंः*
*ने.सं. ११३१ तछलाथ्व ६*
*(वि.सं. २०६८ शुक्रवाः)*

बुद्ध धर्म क्षेत्रया पण्डित, धर्मोदय सभाया अध्यक्ष, धर्मकीर्ति विहारया शुभचिन्तक, श्रद्धेय वज्रयान गुरु पं. वद्रीरत्न वज्राचार्यया जहान गुरुमांजु **तीर्थकुमारी वज्राचार्य** ७७ दँया आयू पूवंका दिवंगत जुयाबिज्याःगुलिं वसपोलयात निर्वाण हेतु चूलाय्‌मा धयागु आशिका नापं पूण्यानुमोदन यानाच्वना । लिसें थुगु दुःखं कःपिं जहान परिवार सकसितं त्रिरत्नया आनुभावं धैर्य याय्‌गु शक्ति दय्‌माल धैगु कामना यानाः बिचाः हाय्‌का ।

**भिक्षुणी धम्मवती प्रमुख**

**धर्मकीर्ति विहार परिवार**

धर्मकीर्ति विहार, श्रीघः, नःघल



Downloaded from http://www.dhamma.digital

**पूजनीय अश्वघोष भन्तेको जन्मदिनको उपलक्ष्यमा बालचित्रकला प्रतियोगिता सञ्चालनार्थ चन्दा प्रदानगरी सहयोग गर्नुहुने दाताहरूको नाम र सहयोग विवरण–**

| | | |
|---|---|---|
| १) | हेरादेवी तुलाधर | रु. १०००/- |
| २) | न्हसला मानन्धर | रु. १०००/- |
| ३) | सुमनकमल तुलाधर | रु. १,०००/- |
| ४) | केहें पुच: | रु. ७००/- |
| ५) | अमता गुरुमां | रु. ३००/- |
| ६) | रम्मावती गुरुमां | रु. ३००/- |
| ७) | चमेली गुरुमां | रु. ४००/- |
| ८) | क्षान्तिवती गुरुमां | रु. १००/- |
| ९) | अनुपमा गुरुमां | रु. २००/- |
| १०) | सुवण्णवती गुरुमां | रु. २००/- |
| ११) | इन्दावती गुरुमां | रु. २००/- |
| १२) | रमा कंसाकार | रु. १००/- |
| १३) | ओभाषवती गुरुमां | रु. १००/- |
| १४) | प्रेमशोभा कंसाकार | रु. १००/- |
| १५) | वण्णवती गुरुमां | रु. २००/- |

**अध्ययन गोष्ठीबाट**

| | | |
|---|---|---|
| १) | देवनारायण महर्जन | रु. १००/- |
| २) | राजभाई तुलाधर | रु. १००/- |
| ३) | विधानरत्न यमि | रु. २००/- |
| ४) | नानीहिरा वज्राचार्य | रु. १००/- |
| ५) | सावित्री चित्रकार | रु. १००/- |
| ६) | सुमित्रा तुलाधर | रु. १००/- |
| ७) | अम्बिका श्रेष्ठ | रु. १००/- |
| ८) | बुद्ध व रामकुमारी मानन्धर | रु. २००/- |
| ९) | रोशन तुलाधर | रु. १००/- |
| १०) | सुधिरकाजी शाक्य | रु. १००/- |
| ११) | पूर्णहिरा तुलाधर | रु. १००/- |
| १२) | मीन शोभा | रु. २००/- |
| १३) | दुर्गा रेग्मी | रु. १००/- |
| १४) | शशीकला मानन्धर | रु. १००/- |
| १५) | सुमिता तुलाधर | रु. १००/- |
| १६) | करूणा स्थापित | रु. १००/- |
| १७) | मानन्धर तता, कें पुच: | रु. ५००/- |
| १८) | ऐश्वर्य, सुभद्रा, मीनर्वती | रु. १३०/- |
| १९) | अम्बिका दिदी (इरेजर) | - १८० टुक्रा |
| २०) | अम्बिका दिदी (चकलेट) | - १८० वटा |
| २१) | प्रफुल्लकमल तुलाधर | रु. १००/- |
| २२) | लोचनतारा तुलाधर | रु. १००/- |
| २३) | धनमाया सिंग | रु. १००/- |
| २४) | रेणु स्थापित | रु. २००/- |
| २५) | मिनी तुलाधर | रु. २००/- |
| २६) | राजनी तुलाधर | रु. २००/- |
| २७) | यूग तुलाधर | रु. २००/- |
| २८) | मनरिमा तुलाधर | रु. २००/- |
| २९) | पद्ममिनी तुलाधर | रु. २००/- |
| ३०) | प्रज्ञा तुलाधर | रु. २००/- |
| ३१) | कीर्ति तुलाधर | रु. २००/- |

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) पियरत्न महर्जन, नयाँ बानेश्वरबाट (झुलको लागि) रु. ५०००/-

२) Fa Ding Fa Shih, Taiwan Rs. 3000/-

३) भक्तलाल सूर्यमाया चित्रकार, मैती देवी - रु. २०००/–

४) स्व. न्हुछेरत्न शाक्यज्यूको पुण्यस्मृतिमा वहाँका छोरा-छोरी सपरिवार बनेपाबाट बालिकाहरूको अध्ययनको लागि मासिक रूपमा रु. १०००/- ज्येष्ठ असार गरी रु. २०००/- प्रदान ।

५) विजय स्थापित, बाङ्गेमुडा, काठमाडौं - रु. २०००/-

६) ताइवानका दाताहरूबाट - रु. १५७०/-

७) गुणनिधि रंजितकार स्मृतिमा - रु. १००५/-

८) सुगेस रञ्जित, जन्मदिनको उपलक्ष्यमा - रु. १०००/-

९) बाबुराजा तुलाधर, ग्लाश हाउस, असन - रु. ५००/-

१०) निर्मला कंसाकार, बुराँख्यो: - रु. ५००/-

११) चिनिशोभा कंसाकार, श्रीघ: - रु. ५००/-

१२) Mr. Wicremashinghe, Sri Lanka - Rs. 500/-

१३) रत्नदेवी कंसाकार, ज्याथाबाट स्व. पिता हर्षरत्न कंसाकारज्यूको पुण्यस्मृतिमा बालिकाहरूलाई भोजन प्रदान ।

१४) बाबुराजा कंसाकारको जन्मदिनको उपलक्ष्यमा बालिकाहरूलाई भोजन प्रदान ।

१५) केशचन्द्र शाक्य, बनेपा - रु. ३००/-

१६) प्रज्ञान तुलाधर, भोटाहिटी - रु. ३००/-

१७) भिक्षु पमितबाट भोजन प्रदान ।

१८) उर्मिला बैद्य, बनेपाबाट स्व. बुबा पुर्णभक्त बैद्यको पुण्यस्मृतिमा भोजन प्रदान ।



Downloaded from http://www.dhamma.digital

# कपन गुम्बा भ्रमण




*कपन गुम्बाया भ्रमण झ्वलय् सहभागी दुजः भाजु/मय्जुपिं*

*२०६८ ज्येष्ठ २१ गते*
*संयोजक- विजयरत्न तुलाधर*
*सञ्चालक तथा प्रस्तुती- अमीर कुमारी शाक्य*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया प्यंगू उद्देश्य मध्ये गाँ-गाँमय् वनाः धर्म प्रचार याय्गु नं छगू खः । थ्व हे उद्देश्य अन्तरगत वंगु २०६८ साल ज्येष्ठ २१ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया गोसालय् संयोजक विजयरत्न तुलाधर नापं १७२ म्ह उपासकोपासिकापिं न्यागः बस जाय्काः शनिवारया ज्याइवः ज्वनाः कपन गुम्बाय् वंगु जुल ।

सुथःसिया जलपान सिधय्काः कार्यक्रम सुरू जुल । थुगु कार्यक्रम अनुसार न्हापां पुज्य धम्मवती गुरुमांया पाखें शील प्रार्थना जुल । अनंलिपा बुद्ध पुजा जुल । नापं बिरामी जुयाः बिज्याना च्वपिं श्रद्धेय कुमार भन्ते व कपन गुम्बाया लामा गुरुपिनिगु सुस्वास्थ्यया कामना यासे गुरुमांपिनि पाखें बोज्झंग सूत्र नं पाठ याना बिज्याःगु खः ।

कपन गुम्बाया लामा गुरु गेसे थुब्तेन सेराब या पाखें स्वागत मन्तव्य व चित्त शुद्ध याय्गु हे मूल धर्म खः धकाः कना बिज्यात । थ्व धुंकाः थुगु कपन गुम्बाया स्वयंसेवक तथा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पुलाम्ह दुजः विजयरत्न तुलाधरं कपन गुम्बाया परिचय बिया दिल ।

अनंलिपा पुज्य धम्मवती गुरुमांया पाखें धर्म देशना बिया बिज्याःगु "मति मिंसा गति भिनि" धकाः धया बिज्यागु खः । थ्वया लिपा "बुद्ध धर्मे मैत्रिया बल" शीर्षकगु लेख प्रेमलक्ष्मी तुलाधरया पाखें वाचन जुल । नापं श्रद्धेय इन्दावती गुरुमांया पाखें धन्यवाद ज्ञापन याना बिज्यागु खः । अन्ते पुण्यानुमोदन यानाः कार्यक्रम क्वचाःगु जुल ।

थ्वयां लिपा भोजन सिधय्काः कपन गुम्बाया दुने मैत्री बोधिसत्वया चैत्य व मद्य् धुंकूम्ह गुरु गेसे लामा कुन्चोकया पुनर जन्म जूम्ह मचाम्ह न्यादं जक दुम्ह लामा नाप लाय्खन । कपन गुम्बाया पिने आनि गुम्बाय्नं संयोजक विजयरत्न तुलाधरं ब्वना यंकूगु जुल । अन गुम्बाय् आनिपिनि पाखें पाठपूजा जुयाच्वंगु खः । थुकथं कपन गुम्बा भ्रमण क्वचाल ।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आयोजना गरेको बाल चित्रकला प्रतियोगिता
(वर्ष ८–१२) समूहमा प्रथम हुन सफल चित्र
प्रतियोगी बालकको नाम 'मैत्री शाक्य' कक्षा-६, स्वप्न वाटिका विद्यालय

**वर्ष-२९; अङ्क-३** **बु.सं. २५५५, गुरु पुन्हि**

Downloaded from http://www.dhamma.digital

## अश्वघोष अक्षय कोष

*२०६८ असार ११ गते, शनिवार*

मातातीर्थ नव बुद्धविहार । यसदिन भिक्षु मङ्गलको आयोजनामा उपसंघ नायक भिक्षु अश्वघोष महास्थविरको ८५ औं जन्म दिनको उपलक्ष्यमा एउटा भव्यसमारोह भएको थियो । उक्त अवसरमा भिक्षु मङ्गलले बोल्नुहुँदै भन्नुभयो– पूज्य गुरुवर अश्वघोष भन्तेले हामीलाई आत्मनिर्भर हुनेगरी बुद्ध शिक्षा दिएर तालिम दिनु भएको गुण सम्झी आज यो समारोहको आयोजना गरिएको हो । उक्त समारोहमा ताइवानका भिक्षुहरू, स्वयम्भूका लामा गुरुहरू सहित नेपाली भिक्षु संघका अध्यक्ष र सचिव सहित भिक्षुहरू र अनगारिका गुरुमांहरू गरी दर्जनौं तथा हजारौं उपासक उपासिकाहरूको उपस्थिति थियो । उक्त अवसरमा धर्म देशना गर्नुहुँदै भिक्षु कोण्डन्यले भन्नुभयो– बुद्धशासन उन्नतिको लागि उपसंघ नायक भिक्षु अश्वघोष महास्थविरको बहु आयामिक देनहरू जस्तै ध्यानकुटी विहार, संघाराम भिक्षु तालिमकेन्द्र स्थापना गरी धर्म प्रचार गर्नुभएको विषयमा चर्चा गर्नुभयो ।

भिक्षु अश्वघोष महास्थविरले बोल्नुहुँदै भन्नुभयो– “आज यत्तिका शिष्यहरू प्रमुख श्रद्धालु भक्तजनहरू तथा आफ्ना ज्ञातिबन्धुहरू आशीर्वाद दिनको लागि उपस्थित हुनुभएको देख्दा म धेरै खुसी छु । आनन्दले गर्दा मेरो रगत शुद्ध भएको छ जसले गर्दा निरोगी हुनेछु । त्यस्तै त्रिरत्नानु भावले सबैको निरोगी कामना गर्दछु ।”

उक्त अवसरमा भूतपूर्व भन्ते शिष्यहरूको तर्फबाट ज्ञानेन्द्र शाक्य (थाइल्याण्डबाट आएको) ले बोल्नुहुँदै भन्नुभयो– “हामीलाई बुद्धको व्यवहारीक शिक्षा अश्वघोष भन्तेले दिनुभयो । हामी उहाँको व्यवहारीक ज्ञानद्वारा धेरै प्रभावित छौं । त्यसअर्थ हामी बुद्धको व्यवहारिक शिक्षालाई सकभर व्यवहारमा उतार्न प्रयत्नरत हुनेछौं । उक्त अवसरमा उपस्थिति सबैलाई भिक्षु मङ्गलले जलपान भोजनको व्यवस्था मिलाउनु भएको थियो । त्यस पुण्यद्वारा भिक्षु मङ्गलको जीवन मङ्गलमय होस् भनी भिक्षु अश्वघोषले मङ्गल कामना गर्नुभएको थियो ।

कार्यक्रमपछि भिक्षु अश्वघोष महास्थविर समक्ष ध्यानकुटी र संघाराममा प्रव्रजित भएका भिक्षु र गृहस्थ भएका दर्जनौं उहाँका शिष्यहरू भेला भएको थियो । उक्त अवसरमा भूतपूर्व भन्ते कोण्डन्य (हाल विश्वन्तर शाक्य) ले बोल्नु हुँदै भन्नुभयो– गुरु अश्वघोष भन्तेको सदास्मरणको लागि ‘अश्वघोष अक्षय कोष’ स्थापनार्थ प्रस्ताव राख्नुभयो र उपस्थित सबैको सर्वसम्मतिबाट पारित गरियो ।

त्यसपछि भिक्षु अश्वघोष महास्थविरले धन्यवाद दिंदै अक्षयकोष रचनात्मक कामको लागि सदुपयोग होस् भनी कामना गर्नुभयो ।

स्मरणिय छ, भिक्षु मङ्गल हालसम्म ताइवानमा बस्नु हुन्छ । त्यहींबाट आएर यो भिक्षु अश्वघोष जन्मोत्सवको आयोजना गर्नुभएको हो ।

## असार पुन्हिया संस्मरण

✍ **“बुद्धरत्न”**

थौं नं जि वया च्वना
मायादेबीया म्हगस कनेत
जन्मान्तर हेतुया संस्कार ज्वनाः
सिद्धार्थया दायित्व ब्वयत्
    नीगुदँया बैंसे गृह त्यागयानाः
    वीतरागी जीवन हंगु धायेत
    ममताया सागरं बिसिंवनाः
    व्याधी मुक्ति लँ ल्वीकूगु थ्वीकेत
धर्मया घःचाः थन ज्वना वया
जगया न्हयोने तुईका केना
तिर्थंकर नं दमन यानाः
शान्ति स्थिरया लँपु बिया ॥
    अज्ञानीतय् पुचले वना :
    बुद्धत्वया ज्ञान जयकाः
    विशिष्ट सुयोगया लुमन्ति ज्वनाः
    वया जि सकसितं संस्मरण जुयाः ॥
जिगु पूर्ब जीवनयमा अहो भाग्य !
दिपंकर तथागतयागु आशिष साध्य !!
थौं हे खः व न्हिनं थन !
असार पुन्हि गुलि महान !!



Downloaded from http://www.dhamma.digital